नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

● वर्ष ३ ● अंक ३१४ ● २०८२ साल असोज २९ गते बुधबार ● Wednesday 15, October 2025 ● सूर्योदय: बिहान ०६:०४ बजे ● सूर्यास्त: साँझ ५:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## टीकाको साइत ११:३९ बजे

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको उत्तम साइत सार्वजनिक गरेको हो । कात्तिक ६ गते बिहीबार बिहान ११ बजेर ३९ मिनेटमा भाइटीकाको साइत उत्तम रहेको समितिका अध्यक्ष प्राध्यापक शम्भुप्रसाद ढकालले जानकारी दिए । कात्तिक ६ गते मध्याह्नकालमा टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि धनु लग्न, कन्या नवमांश, चर बेला र अभिजित योग तथा विजय मुहूर्तको शुभ साइत दिइएको समितिका सदस्य प्रा. देवमणि भट्टराईले जानकारी दिए । यसवर्षको यमपञ्चक कात्तिक १ गते शनिबारदेखि शुरू हुँदैछ।



# मुख्यमन्त्री सिंहद्वारा राजीनामा

# नयाँ सरकार निर्माणका लागि आह्वान

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहले मुख्यमन्त्री पदबाट राजीनामा दिएका छन् । मधेश प्रदेश सभाबाट विश्वासको मत पाउने आधार नदेखिएपछि उनले प्रदेश सभामा आफ्नो लिखित मन्व्य राख्दै राजीनामा घोषणा गरेका छन् । मुख्यमन्त्री सिंहले विश्वासको मत लिनुपर्ने समयसीमाको अन्तिम दिन मंगलबार प्रदेशसभामा विश्वासको मत सामना नगरी रोष्ट्रमबाटै राजीनामा घोषणा गरेका हुन् ।

उनले वक्तव्यको अन्तिममा राजीनामा घोषणा गरेपछि विश्वासको मत विभाजन गर्न नपर्ने भन्दै सभामुख रामचन्द्र मण्डलले अर्को सूचना जारी नहुन्जेलसम्मका लागि प्रदेशसभाको बैठक स्थगित भएको घोषणा गरे । सिंहले राजीनामा घोषणा गर्दै आफ्ना पार्टी अध्यक्ष सिके राउतलाई विभिन्न आरोपसमेत लगाए । मुख्यमन्त्री सिंहले नेपाली कांग्रेस र नेकपा एमालेबाट मन्त्री बनेकाहरु र उनीहरुको केन्द्रीय नेताहरुले समेत आफूले अहिले राजीनामा दिए संघीयतामाथि असर पर्ने भनेपछि आफूले राजीनामा नदिएको बताए ।

उनले आफूले पार्टीका केन्द्रीय अध्यक्ष डा. सिके राउतले दिएको निर्देशनअनुसार नै जेन्जी आन्दोलनक्रममा सामाजिक सञ्जालमा राजीनामा दिएको बताए । उनले आफू औपचारिकरुपमै प्रदेश प्रमुखलाई राजीनामा बुझाउने भनेपछि अध्यक्ष राउतले त्यसो नगर्न भनेको तर पछि आफूविरुद्ध विभिन्न षड्यन्त्र रचिएको आरोप लगाए ।

उनले भने, 'भदौ २८ गते राजीनामा दिने सोचका साथ तयारी गररिहेको समय संसदीय दलले मसँग एक वचनसमेत नसोधी जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएको र मुख्यमन्त्री तथा मन्त्री फिर्ता बोलाएको पत्र सामाजिक सञ्जालमा छ्यापछ्यात्ती भयो ।' मुख्यमन्त्री सिंहले आफूविरुद्ध एउटा भाष्य निर्माण गर्ने प्रपञ्च भएको भन्दै पार्टीले संसदीय दलको बैठक नै नबोलाई आफूलाई स्पष्टिकरण सोधिएको आरोप लगाए ।

उनले संसदीय दलको बैठक नै नबसी स्पष्टिकरण सोधिएको भन्दै भने, 'प्रदेश प्रमुखसमक्ष राजीनामा दिने तयारी गरेको र २९ गते प्रदेश प्रमुखको कार्यालय वा सचिवालयमा बुझाउने गरी पठाएकामा कोही त्यहाँ थिएनन् । राजीनामा दर्ता गराउने प्रयास असफल भएपछि मुख्यमन्त्रीको औपचारिकरुपमै राजीनामा दर्ता गर्न केही विधि प्रकृयाको विषयमा सबैजना जानकार नै छन् ।'

उनले प्रदेश प्रमुखको कार्यालयमा राजीनामा पत्र लिने कोही नभएपछि पत्रकार सम्मेलनमार्फत राजीनामा दिने तयारी गरिरहेको अवस्थामा २४ घण्टे अर्को स्पष्टिकरणको पत्र सामाजिक सञ्जालमा सार्वजनिक भएको बताए । 'परामर्शमै रहँदा गठबन्धनमा रहेका नेकपा एमाले र कांग्रेसले राजीनामा दिने अवस्था नभएको ढाडस दिए', उनले भने, 'उनीहरुले अहिले राजीनामा नदिन आग्रह गर्दै राजीनामा दिए संघीयतामा कुनै असर परे म जिम्मेवार हुने भनेपछि मैले उनीहरुले भनेअनुसार नै गरेँ । एमाले र कांग्रेसबाट मन्त्री रहेकाहरुले मात्र नभई पार्टीका केन्द्रीय नेताहरुले समेत अहिले राजीनामा नदिन भनेका थिए ।' मुख्यमन्त्री सिंहले उनीहरुले राजीनामा दिए संघीयतामा कुनै असर परे यसको दोषी आफू हुने भनेपछि राजीनामा दिनबाट रोकिएको बताए ।

- **सरकार गठनका लागि आह्वान**

मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले आह्वान गरेकी छन् । उनले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम बहुमत प्राप्त गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई बुधबार दिउँसो ४ बजेसम्म मुख्यमन्त्रीको रुपमा आफ्नो दाबी पेश गर्न आह्वान गरेकी हुन् ।

अल्पमतमा रहेका मुख्यमन्त्री सतिश कुमार सिंहले मंगलबार प्रदेश प्रमुखलाई राजीनामा बुझाएपछि प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गरेकी हुन् । यसअघि प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान नगर्दै नेकपा एमाले, नेपाली कांग्रेस र जनमत पार्टीले ५८ जना प्रदेशसभा सदस्यको

बाँकी पृष्ठ २ मा

# अन्य दलहरु पनि सरकार बनाउन छलफलमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बुधबार दिउँसो ४ बजेभित्र नयाँ सरकार गठनका लागि मधेश प्रदेश प्रमुखको कार्यालयबाट आह्वान भएपछि मधेशमा सरकार निर्माणबारे विभिन्न कोणबाट छलफल शुरु भएको छ । प्रदेश प्रमुखले सरकार निर्माणमा आह्वान नगर्दै कांग्रेस–एमाले–जनमतले ५८ जनाको हस्ताक्षर बुझाइसकेको अवस्थामा अरु दलहरु पनि सरकार निर्माणबारे जुटेका हुन् । जनमत, नेपाली कांग्रेस र नेकपा एमालेबाहेकका दलहरूले पनि मंगलबारदेखि सरकार निर्माणबारे छलफल चलाएका छन् भने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष पनि मुख्यमन्त्री दाबीसहित छलफलमा छन् । यति मात्र होइन, जसपा नेपाल, जनमत, नेकपा माओवादी केन्द्र, लोसपा नेपाल र एकीकृत समाजवादी दलबीच सरकार बनाउन सकिने कोणबारे छलफल चलेको एक नेताले बताए ।

कांग्रेस र एमालेले जनमतको समर्थन लिँदै बहुमत जुटाएर सरकार बनाउने प्रयास गरेपछि इतरका दलहरु एकाकार भएका हुन् । यो छलफलमा जसपा नेपालबाट मनिष सुमन सहभागी छन् । मधेशी दलहरुको आन्तरिक सहमति अनुसार, लोसपाको नेतृत्वमा सरकार बनाउन पर्ने विषयमा अध्यक्ष महन्थ ठाकुर नै छलफलमा छन् । कांग्रेसमा पनि असन्तुष्टि छ । जनमत पार्टी पनि विभाजन हुँदा केही सदस्य नयाँ पार्टीमा जाने वातावरण बने एमाले–कांग्रेसले सोचजस्तो नभइ स्वयम् राजीनामा दिएका मुख्यमन्त्री सतिश सिंहले पनि केही प्रभाव पार्न सक्ने अवस्था बने ३ दलको गठबन्धनको ५८ मत घट्न सक्ने आँकलनसहित अर्को समूहको सरकार निर्माणबारे छलफल चलिरहेको हो । १ सय ७ सदस्यी मधेश प्रदेशसभा सरकार बनाउन ५४ सिट आवश्यक छ । जसपा नेपालको १९, जनमतका १३, नेकपा माओवादी केन्द्र र लोसपाका ९–९, नेकपा एकीकृत समाजवादीको ७ सिट छ । यस आधारमा तीन दल मिलाएर ५७ सिट पुग्छ ।

असोज २२ गतेदेखि नै कांग्रेस, एमाले र जनमतले कांग्रेस नेतृत्वमा सरकार बनाउन गठबन्धन र हस्ताक्षर गरिसकेको अवस्थामा बाँकी दलहरु पनि सरकार बनाउन अंकगणित पुग्छ कि भनेर छलफलमा जुटेका हुन् ।

# 'सिधै मकहाँ आए हुन्छ, बिचौलियालाई निषेध छ'



**सुदीपराज पाठक**
**प्रहरी प्रमुख, पर्सा प्रहरी**

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक (एसपी) सुदीपराज पाठकले परम्परागत प्रहरी कारबाही भन्दा फरक ढंगले काम गर्न चाहेको बताएका छन् । उनले आमजनताले प्रहरी प्रशासनबारे गुनासो गर्ने ढिलासुस्ती, बिचौलियाको चलखेल, अनावश्यक दबाबजस्ता व्यवहारले प्रहरीमाथि विश्वसनीयता घट्दै गएको विषयमा सचेत भएर प्रहरीले उच्च मनोबलले अपराध नियन्त्रणमा लाग्नुपर्ने बताए ।

मंगलबार उनले मधेशदृष्टिसँग भने, 'प्रहरी कार्यालयमा बिचौलियाको रजगज हुने गरेको, अनुसन्धान प्रभावित हुनसक्ने भनेर जनतामा सधैँ भय हुने गरेको र सिधा प्रहरीसँग सम्पर्क नहुने कारण पनि जनतामा प्रहरीको कारबाहीबारे संशय बढिरहेकोबारे सचेत छु ।' प्रहरी उपरीक्षक भएपछि अख्तियार दुरुपयोग अनुसन्धानमा रहेर सिधै पर्साजस्तो महत्वपूर्ण जिल्लामा कमान्डर बनेर आएका पाठकले आफूमा प्रहरी कमाण्डर भएर इमान्दारितापूर्वक काम गर्ने हुटहुटी रहेको र फरक परिवेशमा अवसर पाइएकाले अपराध नियन्त्रण र शान्तिसुरक्षाका लागि सधैँ क्रियाशील रहने बताए । 'कार्यालयमा दलालमार्फत काम हुन्छ भनेर बिचौलियाले नै प्रहरी अधिकृतका नाम बेचेर प्रहरी कार्यालयको बदनाम गराएका छन्, यो काम अन्त्य गरेको छु,'

बाँकी पृष्ठ २ मा

बाढीबाट जोगिन पूर्वतयारी गरौं



बाढीको जोखिम घटाउने उपायहरु
• नदी किनारमा घर-गोठ बनाउँदै नबनाऔं।
• घरछेउका खोला-नदीमा बेलैमा तटबन्ध लगाऔं।



बाढी आउनु अगाडि नै तयारी गरौं
• बर्षायाममा सधैं मोबाइलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं।
• बर्षा र बाढीको अवस्थाबारे टोल फ्री नम्बर ११५५ वा रेडियो-टिभीबाट नियमित जानकारी लिने गरौं।
• नदीमा बढेको पानी, इयाम र तटबन्धको अवस्थाबारे बेला बेलामा जानकारी लिदै गरौं।
• प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर मोबाइलमा सेभ गरेर राखौं, सकिन्छ भने कण्ठ पारौं।
• आफ्नो गाउँ-ठाउँ र वडामा सबै मिलेर रबरका डुङ्गा, लाइफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामग्रीहरुको जोहो गरेर सुरक्षित राखौं।
• आपत-विपतका लागि अन्न, दाल, नून, तेल र साबुनजस्ता अत्यावश्यक सामग्री घरको सबैभन्दा अग्लो ठाउँमा राखौं।
• नागरिकता, लालपुर्जा, लाइसेन्स, पासपोर्टजस्ता महत्वपूर्ण कागजपत्र र औषधी प्लाष्टिकले राम्ररी पोको पारेर घरको अग्लो ठाउँमा राखौं।
• टर्च, डोरी, सिट्ठी, लौरोजस्ता सामान सजिलै भेटिने ठाउँमा राखौं ।

बाढी आइहाले के गर्ने ?
• नआत्तिने, तर जतिसक्दो चाँडो अग्लो र सुरक्षित ठाउँमा जाने ।
• सातु, भुटेको अन्न, चिउरा जस्ता तयारी खानेकुरा साथमा लैजाने ।
• बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला, विरामी, अपाङ्गता भएका व्यक्तिहरुलाई सबैभन्दा पहिले सुरक्षित ठाउँमा लैजाने ।
• तल्लो तटमा बस्नेहरुलाई बाढी आएको बारे सूचना तुरुन्त दिने ।
• प्रहरी, सुरक्षा निकाय र प्रशासनमा खबर गर्ने ।

जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी, मधेश प्रदेश

# बाँसको सामग्रीको माग बढ्दो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाञ्चल क्षेत्रको प्रमुख पर्वको रुपमा रहेको छठ नजिकिएसंगै जनकपुरधाममा बाँसको सामग्रीको बिक्री बढेको छ । जनकपुरधामको विभिन्न बजारहरुमा अहिले बाँसबाट निर्माण गरिएको सामग्रीको माग बढ्दो छ । बजारमा बाँसको सामग्रीको मांग बढन थालेपछि अहिले सो सामग्री बनाउने कार्यमा लागेको डोम समुदायलाई भ्याइनभ्याई भएको छ । डोम समुदायलाई सधैँ खान, लगाउन धौधौ
हुन्छ । अहिले भने यो जातिको मुहारमा हासो र मनमा उल्लास छाएको छ । गरिबी र विपन्नताको जाँतोमा पिल्सिएर वर्षौंभरि गाउँगाउँमा सुँगुर डोहो¥याएर चहार्ने डोम समुदायलाई अहिले छठ पर्व नजिकिँदै जाँदा बाँस र बेतका चोयाबाट डालो, नाङ्लो र टपरी बनाउन भ्याइनभ्याइ भएको छ । जनकपुरधाम उपमहानगर पालिका कपिलेश्वरका बेचन मलिकले अहिले आफूहरुको



समानहरुको माग बजारमा निकै भएको कारणले गर्दा समेत दिनरात नभनी मेहनत गरिरहेको बताए । तर उनले बजारमा जति माग छ, त्यति पूर्ति गर्न नसकिएको र बाहिरबाट सामानसमेत आउने गरेकाले समस्या हुने गरेको बताए ।
उनले भने, ‘अहिले बजारमा माग त छ तर बाहिरबाट अत्यधिक रुपमा सामान आउने गरेकाले समस्या हुने गरेको छ, भनेजस्तो आम्दानी भइरहेका छैन ।’ दीपावलीलगत्तै शुरु हुने छठपर्वलाई लक्षित गरी धनुषाका डोम समुदाय बाँसजन्य पूजा सामग्री बनाउँदै बेच्दै गरेको छ ।
उनीहरू पुर्ख्यौली पेसाबाट राम्रो आम्दानी भइरहेको बताउँछन् । बाँसबाट बनाइने नाङ्लो, ढकिया र कोनियाँ छठ पर्वमा अनिवार्य प्रयोग गर्ने भएकाले दुई महिनाअघिदेखि बनाएर भण्डारण गरेका सामग्री बेचेर नपुग्ने भएपछि बनाउँदै बेच्दै आएका छन् ।
उनीहरुलाई अहिले सामग्री बजारसम्म पुर्याउन भ्याइनभ्याइ छ । बाँस नै खरिद गर्दा महंगोमा खरिद गर्ने र सामान बनाएर बजारसम्म पुर्याउने गरिएको बाँसको सामग्री महंगो हुने गरेको छ । स्थानीय उर्मिला मकिलले समेत बाँसको समान बनाउदा महंगो हुने र कतिपयले प्लाष्टिकको सामानले समेत पूजा गर्ने गरेको कारणले गर्दा समेत आफूहरुलाई अपेक्षाअनुसारले आम्दानी हुन नसकेको बताइन् । छठ पर्व मनाउने प्रत्येक तराईवासीले छठ माता तथा सूर्यदेवलाई बाँसबाटै बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अघ्र्य दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच–सातवटा बाँसका भाँडाकुँडा किन्नुपर्छ । अहिले जनकपुरधामको बजारमा सामग्रीको सामग्रीहरुको किनमेल गर्ने व्यापारीहरु व्यस्त देखिएका छन् ।
पुख्र्यौली पेसा र सीप पर्वबाहेक अन्य बेला बिक्र छाडेपछि बिन र डोम समुदायका नयाँ पुस्ता अन्य पेसा र सीपका क्षेत्रमा जान थालेका छन् । तर अहिले बजारमा समेत बाहिरबाट सामानहरु आउने गरिएको कारणले स्थानीयको सामन बिक्री हुनमा समेत समस्या हुने गरको उनीहरुको कथन छ । अहिले बजारीकरणको समस्या नरहेको उनीहरुको भनाइ छ ।

# ‘सिधै मकहाँ आए हुन्छ...

उनले भने, ‘कोही नागरिक साँच्चै पीडामा छन्, अन्यायमा परेको छु भन्ने लागे सिधै मकहाँ आए न्यायका लागि पहल गर्नेछु, कोही बिचौलिया र दलाल प्रयोग गरिरहन पर्दैन, यो काम म आएपछि बन्द गरेको छु ।’
उनले बिचौलिया र दलालले शक्ति दुरुपयोग गरेर न्याय पाउनु पर्नेले नपाएका कारण प्रहरीको काममा जनताको विश्वास घट्दै गइरहेको भन्ने नयाँ कमाण्डर र अधिकृतहरुले बुझ्न् जरुरी रहेको बताए ।
‘प्रशासनिक काममा सधैँ जनताको संशय रहन्छ, निष्पक्ष र न्यायपूर्ण ढंगले न्याय सम्पादन जरुरी छ,’ उनले भने, ‘कहिले गलत मान्छेको गलत सिफारिसले गलतहरु संरक्षित हुन्छन्, कहिले सही मान्छेको प्रहरी अधिकृतसँग सिधा पहुँच नहुँदा पनि उनीहरु अन्यायमा पर्न सक्छन्, नयाँ पुस्ताका अधिकृतहरुले न्याय सम्पादन गर्दा जनताको हित र आफ्नो बाँकी करियर अनि भविष्यबारे सोचे जनतामा प्रहरीबारे रहेको भ्रम हट्दै जानेछ ।’
‘परिवेश फरक छ, जनतामा न्याय, भरोसा र विश्वास जगाउनु पर्नेछ, नागरिकले पनि त्यही ढंगले प्रहरी प्रशासनलाई सघाए समाजमा अमनचयन र शान्तिसुरक्षा हुनेछ,’ पाठकले भने, ‘बेथिति, विकृति र गलत संस्कार मात्रै अन्त्य गर्न सबैको सहकार्य जरुरी छ, मधेशमा अझ सीमावर्ती शहर वीरगंजमा कार्यरत रहँदा सधैँ मष्तिष्कमा ‘पहिला जनता’ भन्ने सोच्छु, वृद्ध उमेरका बुबाले बरोबर फोन गरेर ‘मधेशमा काम गर्न सक्छस्, इमान्दार भएर काम गर’ भनेर सम्झाइरहनु हुन्छ ।’ उनले सीमाक्षेत्रमा हुने अपराध नियन्त्रणमा पनि एक्सन प्लान बनाएर काम गरिने बताए ।

# वडाध्यक्षमाथि ज्यान मार्ने उद्योगको मुद्दा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिका–५ का वडा अध्यक्ष नितेश मिश्र (चुन्नु) माथि ज्यान मार्ने उद्योग (हत्या प्रयास) मुद्दा दर्ता भएको छ । वडा अध्यक्ष मिश्रसहित पाँच जनाविरुद्ध पर्सा जिल्ला अदालत वीरगंजले पक्राउ पुर्जी जारी गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।
अदालतको आदेशपछि प्रहरीको टोली अहिले फरार रहेका वडा अध्यक्ष चुन्नुसहितका अन्य आरोपितको खोजीमा खटिएको छ । मन्जीव मिश्रको जाहेरीका आधारमा नेपाल सरकार वादी र बृजकिशोर मिश्रसहित अन्य प्रतिवादीविरुद्ध मुद्दा दर्ता भएको हो । जाहेरीअनुसार मुद्दाको अनुसन्धानका क्रममा प्रमाण नष्ट हुने वा अभियुक्त फरार हुने सम्भावना देखिएकाले अदालतले तत्काल पक्राउ पुर्जी जारी गर्न आदेश दिएको हो ।
चुन्नुसँगै पर्सागढी ५ का रविरंजन मिश्र (पिन्टु), राकेश मिश्र, रुपेश मिश्र, चन्द्रमा मिश्रविरुद्ध पनि पक्राउ पुर्जी जारी भएको छ ।
अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ (उपदफा ३) बमोजिम उनीहरूलाई पक्राउ गर्न अनुमति दिएको छ । अनुसन्धान अधिकृत प्रहरी निरीक्षक शैलेन्द्र कुमार खड्काले अदालतको आदेशअनुसार अनुसन्धान अघि बढाइएको र फरार रहेका सबै व्यक्तिहरूको खोजी कार्य तीव्र पारिएको बताए ।




# भन्सार मूल्यांकन डाटाबेस प्रणालीको स्वागत

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य संघले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै भन्सार मूल्यांकन डाटाबेस प्रणालीको स्वागत गरेको छ ।
भन्सार विभाग र निजी क्षेत्रसँग लामो समयदेखि भम्सार मूल्यांकन सम्बन्धमा विवाद रहँदै आएको र यसलाई समाधान गर्न नेपाल सरकारले हालसालै विराटनगर भन्सार कार्यालमा परीक्षणका रुपमा पारम्पारिक मूल्यांकन प्रणालीलाई विस्थापन गरी भन्सार मूल्यांकन डाटाबेस प्रणाली लागू गरेको र त्यहाँको परिणाम सकारात्मक भएकाले निकट भविष्यमा वीरगंज भंसार कार्यालयमा पनि यो व्यवस्था लागु गर्ने भनेर जानकारी आउँदा वीरगंज उद्योग वाणिज्य संघ अत्यन्त उत्साहित भएको विज्ञप्तिमा उल्लेख छ ।
संघका अध्यक्ष हरिप्रसाद गौतमले जारी गरेको विज्ञप्तिमा लामो समयदेखिको मूल्यांकन प्रक्रिया सुधार हुने र स्वच्छ र पारदर्शी कारोबार गर्ने व्यवसायीलाई यस प्रक्रियाबाट सरल भइ व्यवसाय बढ्ने भएकाले यस प्रणालीले सम्पूर्ण उद्यमी व्यवसायीलाई सहयोग गर्न अभिप्रेरित उल्लेख छ ।
भन्सार विभागले असोज २४ गते आधिकारिक व्यावसायिक व्यक्ति–ट्रष्टेड ट्रेडर्सको मान्यताप्राप्त गर्नका लागि गोरखापत्रमा दरखास्त आह्वान गरेको थियो । समाजमा विद्यमान राम्रा व्यवसायीलाई मान्यता दिई उनीहरूको व्यवसायमा थप सरलीकरण गर्ने उद्देश्यले गरिएको सो कार्य अत्यन्त सराहनीय रहेको बताइएको छ ।

# मिटरब्याजको मुद्दामा जाहेरी

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको फेटा गाउँपालिका–१ निवासी ६९ वर्षीया प्रभावती देवी कुम्हालीनले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दिएको जनाएकी छिन् । उनले पर्सा बहुदरमाई नगरपालिका–४ निवासी सत्यनारायण कुम्हालका ५२ वर्षीय छोरा श्यामसुन्दर प्रसाद पण्डित (श्यामसुन्दर प्रसाद कुम्हाल) विरुद्ध मिटरब्याजसम्बन्धी जाहेरी दिएको बताएकी छिन् । वीरगंजमा पत्रकार सम्मेलनमार्फत प्रभावती देवीले यसबारे सञ्चारकर्मीलाई जानकारी दिइन् ।

# अध्यक्षस्तरीय टि–२० क्रिकेट



**मधेशदृष्टि**
**पर्सा ।**
शुभ दिपावलीको अवसरमा पर्साको जगरनाथपुर गाउँपालिकाले अध्यक्षस्तरीय टि–२० क्रिकेट प्रतियोगित गरेको छ । मेघराज उपाध्याय क्रिकेट खेलमैदान मदुवहामा भइरहेको क्रिकेट प्रतियोगितामा प्रमुख अतिथि वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम र गाउँपालिका अध्यक्ष श्रीकान्त यादवले संयुक्त रुपमा खेल उद्घाटन गरे ।
प्रमुख अतिथि आलमले भने, ‘खेलप्रतिको उत्साह हेरेँ र गाउँका जनतालाई धन्यवाद दिन चाहन्छु, म पनि क्रिकेट खेलमा बाल्यकालदेखि रुचि राख्थेँ, बलरका रुपमा खेल खेल्थेँ ।’ उनले खेलले शारीरिक तथा मानसिकरुपले मजबुत बनाउने बताए । उनले टि–२० क्रिकेट विश्व छनोट खेलमा नेपालले आफ्नो ठाउ सुरक्षित परिसकेको बताए ।
कार्यक्रम जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त यादवको अध्यक्षतामा भएको हो । कार्यक्रममा उपाध्यक्ष बबिता सिंह, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, नेपाली कांग्रेस पर्साका सहसचिव नवीन सिंह, वडाअध्यक्ष बिहारी महतो नुनिया, वडाअध्यक्ष अयोध्या पटेल, नेता सन्तोष चौरसियालगायत खेलप्रेमी तथा स्थानीयको सहभागिता थियो । खेलमा गाउँपालिकाभरका खेलाडी सहभागी छन् ।

# सिरहाका ८० प्रतिशतको हस्ताक्षर

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसको विशेष महाधिवेशनका पक्षमा सिरहामा करिब ८० प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरेर बुझाएका छन् । यहाँ दुई पक्षले छुट्टाछुट्टै हस्ताक्षर गराएका छन् । पार्टी जिल्ला सचिव शैलेन्द्र यादवका अनुसार सिरहा क्षेत्र–१ मा १९, २ मा १२, ३ मा २५ र ४ मा १९ जनाले हस्ताक्षर गरेका छन् । पार्टीको विभागबाट मनोनीत महाधिवेशन प्रतिनिधिहरु पनि हस्ताक्षर गरेका छन् । शुरुमा जिल्ला सचिव यादव, सहसचिव रामबाबु यादव, उपसभापति सुनिल महतो लगायतले हस्ताक्षर गराइरहेका थिए । महासमिति सदस्य डाक्टर सुभाष चन्द्र यादव पनि छुट्टै हस्ताक्षर गराउन थालेपछि यहाँ संख्या ४० प्रतिशतभन्दा बढी पुगेको छ । मधेश प्रदेश महामन्त्री उपेन्द्र यादवदेखि जिल्लाका पदाधिकारीहरुले पनि हस्ताक्षर गरेका हुन् । उनी देउवा पक्षका छन् । शेखर कोइराला पक्षमा रहेको दाबी गरेका नरेश यादव, मधेश प्रदेश सभा सांसद जिवछी यादव, रामदयाल यादव लगायतले नियमित महाधिवेशनकै पक्षमा रहेको बताएका छन् । तर, शेखर कोइराला पक्षकै जिल्ला सभापति प्रत्यासी रामसुन्दर चौधरी, पुनम चौधरी, अरुण केसीहरुले विशेषकै पक्षमा हस्ताक्षर गरेका छन् ।

# मुख्यमन्त्री सिंहद्वारा राजीनामा...

समर्थनसहित कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा दाबी गरेका थिए ।
एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले यसअघि दबाबस्वरुप दावी पेश गरिए पनि अब कांग्रेसका संसदीय दलका नेता यादवकै नेतृत्वमा नयाँ सरकार गठनका लागि दाबी पेश गरिने बताए । उनले नयाँ सरकार गठनमा लोकतान्त्रिक समाजवादी पार्टीसमेत आफूहरु सँगै रहने भने पनि लोसपाले दाबी अस्वीकार गरेको छ ।

- **आफ्नै सरकार ढालेर कांग्रेसको शरणमा जनमत**

जनमत पार्टीका नेता सतिश कुमार सिंह मुख्यमन्त्री बन्दा कतिपयले आश्चर्य मानेका थिए । संसदीय दलका नेता समेत नरहेका उनलाई पार्टीले मुख्यमन्त्रीको रुपमा नाम अघि सार्दै राजनीतिक वृत्तमा निकै चर्चा भएको थियो । तर तीनै सिंह सरकारलाई जनमतले आफैँले ढालेर अहिले नेपाली कांग्रेसलाई सरकारको नेतृत्व हस्तान्तरण गरेर उसको नेतृत्वमा केही थान मन्त्री लिएर जान तयार भएको छ । सिंह मुख्यमन्त्री बन्दा केहीलाई चलेको थिएन भने आफ्नै पार्टी भित्रैबाट समेत उनलाई सहयोग नहुने अवस्था शुरुदेखि नै सृजना भएको थियो । जसको खुलासा उनले स्वयम् प्रदेश सभामा समेत गरेका छन् । सिंह सरकार गठन भएर एक वर्ष नपुग्दै नेपाली कांग्रेसले सरकारको दाबी गर्न थालेको थियो तर अहिले कांग्रेस नेतृत्वमा स्वीकार गर्न जनमत तयार भएको छ । पार्टी नै पार्टीका मुख्यमन्त्रीविरुद्ध भएको आरोप लगाउदै कुर्सीबाट हटाउन अनेक प्रकारको खेल गरेका थिए । जसको खुलासासमेत मुख्यमन्त्रीले गरेका छन् । मुख्यमन्त्री हुन नपाएका संसदीय दलका नेता महेश प्रसाद यादव मुख्यमन्त्रीविरुद्ध लागेका थिए भने जेन्जी आन्दोलन र पार्टीको राजीनामा दिएर सस्तो लोकप्रियता हासिल गर्ने कार्यले मुख्यमन्त्री र जनमत पार्टीबीचमा टकरावको अवस्था सृजना यो । पार्टी भित्रको अन्र्तद्वन्द्व चरम सीमामा पुग्दै अन्ततः आफ्नै पार्टीका साथ छाडेपछि एक्लै बनेका मुख्यमन्त्री सिंह सरकारबाट बर्हिमनमा परे । मधेशमा सिंह नेतृत्वको सरकार ढालेर कांग्रेसको नेतृत्वमा नयाँ सरकार बनाउन तीन दलले सहमति गरेका छन् । कांग्रेसलाई सबैभन्दा ठूलो दल एमाले र जनमत पार्टीको सर्मथन छ । तथापि समीकरण फेरिन सक्ने चर्चा पनि भइरहेको छ ।

- **एमालेको दरिलो साथले खुलेको कृष्णको भाग्य**

मधेश प्रदेशमा सबैभन्दा ठूलो दलका रुपमा नेकपा एमाले छ । तर एमाले कहिल्यै पनि सरकार बनाउन दाबी गर्दैन । उसले हरेकपटक सरकार बनाउने अवसर आउँदा मधेश केन्द्रित दललाई अवसर दियो । एकपटक जसपा नेपालका नेता सरोजकुमार यादवलाई साथ दियो भने दोश्रोपटक जनमत पार्टीका सतिश कुमार सिंहलाई । तर यसपटक भने नेपाली कांग्रेसलाई सरकार बनाउन सहयोग गर्ने भएको छ । नेपाली कांग्रेस दोश्रो ठूलो दल हो ।
दलका संसदीय दलका नेता कृष्ण प्रसाद यादवलाई सरकार बनाउन सहयोग भएको छ । सरकारको नेतृत्वको दाबी लोसपाले गरिरहेको अवस्थामा तीन दलले प्रदेश प्रमुखसमक्ष आह्वान नहुँदै दाबी पेश गरेका थिए । यसका लागि कृष्णाले पार्टीमाथि दबाब बनाएका थिए । एमाले भने यादवका नाममा एकमत छ । उसले जसरी पनि कृष्ण यादवलाई नै मुख्यमन्त्री बनाउने तयारी गरेको छ । लोसपालाई छाडेर भए पनि तीन दल सरकार बनाउँदा सहजै बहुमत पाउने अवस्था रहेकाले समेत तीन दल बीच सरकार बनाउन एमाले तयार भएको हो । तर कांग्रेस भने लोसपालाई साथमा राख्न तयार रहेपनि उसले नेतृत्व दिन आनाकानी गरिरहेको छ ।

- **जनमत सिद्धान्तहीन पार्टी**

जसपा नेपालको जनकपुरधाममा जारी पहिलो मधेश प्रदेश अधिवेशमा अध्यक्ष बालकिशोर यादवले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा जनमत पार्टीलाई सिद्धान्तहीन एवम् वैचारिक दृष्टिकोणले अस्पष्ट अथ्र्याएको छ । त्यसैगरी पार्टीले मधेशी जनताको भावनासँग खेलवाड गर्दै सस्तो लोकप्रियता कमाउन र मनोरोगीहरुको जत्था रहेको उल्लेख गरिएको छ । संघीयता, समावेशीता जस्ता मुद्दामा जनमतको अस्थिर वा अस्पष्ट नीति रहेको छ ।
यसका नेता सिके राउत विचलित मानसिकताको सिकार रहेको उल्लेख छ । शुरुमा छुट्टै मधेश देश त्यसपछि दश लाखलाई नोकरी र अहिले ३० हजारलाई प्रहरी बनाउने अविश्वनीय एवम् झुठा नारा दिएको प्रतिवेदनमा उल्लेख छ । सिके राउतमाथि परिवारिक, सामाजिक, आर्थिक र सांस्कृतिक विचलन रहेको आरोप उनकै कार्यकर्ताहरुद्वारा समयसमयमा लगाउने गरेको प्रतिवेदनमा उल्लेख छ ।

- **मुख्यमन्त्री छाडेर मन्त्री खोज्दा पार्टी दुई टुक्रा**

मधेशमा स्वराजको नारा दिएर स्थापित हुँदै मधेश सरकारमा गएको दुई वर्ष पूरा नहुँदै सिके राउत नेतृत्वको जनमत पार्टी विभाजन भएको छ । मधेश प्रदेश सरकारमा मुख्यमन्त्रीले राजीनामा दिनु परेकै दिन निर्वाचन आयोगले मंगलबार नै जनमत पार्टीबाट विभाजन भएको देशको १२४ औँ नम्बरको पार्टी जनस्वराज पार्टीलाई दल दर्ताको प्रमाणपत्र दिएको समाचार पृष्ठ ८ मा पढ्नुहोला ।

# युवा संघका केन्द्रीय सदस्यको गाडीमा पटाका

**राकेश यादव**
**रौतहट ।**

सदरमुकाम गौरबाट प्रहरीले पटाकासहित गाडी नियन्त्रणमा लिएको छ । सोमबार राति भारतको बैरगनियाबाट भारतीय नम्बरको किया गाडीमा लुकाएर नेपाल ल्याउँदै गरेको अवस्थामा गौर भन्सार कार्यालय नजिक प्रहरी र सशास्त्र प्रहरीको संयुक्त टोलीले पटाकासहित गाडी नियन्त्रणमा लिएको हो ।





नेपाल आउदै गरेको बीआर ०६ सी डब्लु ४९६८ नम्बरको गाडी शंका लागेर चेकजाँच गर्दा गाडीभित्र लुकाएर राखिएका विभिन्न किसिमका २९ हजार रुपैयाँ मूल्य बराबरका अवैध पटाका फेला परेपछि गाडी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । प्रहरी निरीक्षक रामकुमार महतोका अनुसार भारतबाट अबैधरुपमा पटाका गाडीमा रहेको सूचना पाएपछि गाडी रोकेर चेकजाँच गरिएको थियो । गाडीको मूल्य २० लाख तथा बरामद भएको २९ हजार मूल्य बराबरको पटाकासमेत कानूनी कारबाहीका लागि भन्सार कार्यालय गौरमा बुझाइएको छ । पक्राउ परेको भारतीय नम्बरको गाडी नेकपा एमालेका जनवर्गीय संगठन युवा संघ नेपालका केन्द्रीय सदस्य बजरंगी गुप्ताको भएको बुझिएको छ । सोमबार दिउँसो युवा संघको आयोजनामा मोटरसाइकल र्‍याली गरेर जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएर बेलुका बैरगनिया गएका गुप्ता पटाखा खरीद गरेर गाडीमा लिएर नेपाल आउँदै गरेको अवस्थामा प्रहरीको नियन्त्रणमा परेका हुन् ।

गौर भन्सार कार्यालय सुरक्षा गार्ड कार्यालयका इन्चार्जले रातका समयमा पक्राउ परेको गाडीभित्र भएको अवैध सामान तल माथि गर्न सकिने शंका लागेपछि स्थानीय युवाको समूहले रातभर निगरानी गरेका थिए । युवाहरुका अनुसार गाडीमा ४ जना बसेको र असईले गाडी कार्यालय परिसरमा पार्किङ गराएर उनीहरुलाई बाहिर निकालेर भगाएको आरोप समेत लगाएका छन् । गाडीका चालक र पटाका खरिद गर्ने व्यक्तिलाइ समेत पक्राउ गरी कानूनी कारबाही गर्न माग गरिएको छ ।



**छिट्टी व्यापारः** तराई मधेशको मुख्य पर्व छठका लागि महोत्तरीको जलेश्वर नगरपालिका–१ मा अवस्थित हटियामा छिट्टी (डालो) व्यापार गरिँदै । यस पर्वमा प्रत्येक परिवारलाई अनिवार्य रूपमा किन्नुपर्ने छिट्टीको मुल्य ५०० देखि ७०० पर्ने गरेको छ । तस्बिरः रासस


## कर्जा चूक्तागर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमाउल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्नशिर्षककाकर्जाहरु लिंदागरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिएअनुसार समय समयमाबुझ्काउनु पर्ने सांवा, ब्याजआदिनतिरी नबुझ्काई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिकएवं लिखित रुपमा पटक पटक तरतागेतागर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्ताननगरेको हुंदा यो सुचनाप्रकाशितगरिएको मितिले ३५ दिनभित्रमाकर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तानगर्नुहुन यो ३५ दिने सुचनाप्रकाशितगरिएको छ । अन्यथाउल्लेखित मिति भित्रमाबुझ्काउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्ताननगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिलबमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामाआउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलिनिति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चलअचल सम्पतिजहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीगरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुलउपर गरी लिने तथा लेना रकमअसुलउपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानीदिनेको घर घराना/चलअचल सम्पतिबाट असुलउपर गरिनुका साथै प्रचलितनियम कानुन बमोजिमतपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्नसिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**

१) **कम्पनी ऐन**, २०६३ को दफा ५ उपदफा (१) बमोजिम मिती २०७८ साल बैशाख महिना ०६ गते रोज २ मा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयकम्पनी रजिष्ट्रारको कार्यालय पर्सा बीरगंजमादर्ता भै दर्ता नं. २६२४५८/७७/०७८, अन्तर्गत दर्ता कायम भएको तथा वीरगंजमहानगरपालिका१५, प्रनामी,पर्सामा रहेको **ईजि ईट्स नेपालप्रा.लि ।**

**कर्जाको सुरक्षण विवरण**

१) तपसि राउतकुर्मीको छोरी जनक राउतकुर्मिको बुहारी, सुरेश प्रसादकुर्मिको पत्नीजिल्लाबारा बहुअरी वार्ड.नं. ०३ बस्ने(ना.प्र.न ३१७६ जारी मिति २०४२/०३/०६ जि.प्र.का. बारा) बर्ष ५७की कृष्णावती देवीकुर्मिनको नाममादर्ता कायम रहेको जिल्लापर्सा बहुवरी बी वडा नं १ स्थित किता नं. ५०७ को जम्मा क्षेत्रफल ०-०-८-१२ को घरजग्गा।

**निर्देशकतथाव्यक्तिगत जमानीकर्ता :**

१) जनक राउतकुर्मिको नाती सुरेश प्रसादकुर्मिको छोरा, जिल्लाबारा परवानीपुर वार्ड.नं. ०१ बस्ने(ना.प्र.न ३३-०१-७४-०१०९२, जारी मिति २०७४/०२/०४ जि.प्र.का. बारा) बर्ष २५ को धिरज कुमार पटेल।

२) तपसि राउतकुर्मीको छोरी,जनक राउतकुर्मिको बुहारी, सुरेश प्रसादकुर्मिको पत्नीजिल्लाबारा बहुअरी वार्ड.नं. ०३ बस्ने(ना.प्र.न ३१७६, जारी मिति २०४२/०३/०६ जि.प्र.का. बारा) बर्ष ५७की कृष्णावती देवीकुर्मिन।

३) जिउनन्दनकुर्मीको नाती, जनक राउतकुर्मिको छोरा,जिल्लाबारा बहुअरी वार्ड.नं. ०३), बस्ने(ना.प्र.न १२३२/५६३, जारी मिति २०४२/०३/०६ जि.प्र.का. बारा) बर्ष ५९ को सुरेश प्रसादकुर्मि ।

४) जनक राउतकुर्मीको नाती, सुरेश प्रसादकुर्मीको छोराजिल्लाबारा बहुअरी वार्ड.नं. ०३ मा बस्ने(ना.प्र.न. ३३ ३०८९/७९ जारी मिति २०७०/०२/१२ जि.प्र.का. बारा) बर्ष २९ को **निरज कुमार पटेल ।** (प्रबन्धकनिर्देशक)

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामाउल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचयखुलाउने प्रयोजनकालागिमात्रप्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजतपत्रप्राप्तवित्तिय संस्था**

**प्रधानकार्यालय:**
**गीतामन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखाकार्यालय:बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।


# दीपावली र छठ नजिकिँदा पूजा सामग्री बिक्री–वितरण



**मधेशदृष्टि**
**वीरगंज ।**

तराईमा भव्य रुपमा मनाइने शुभ दीपावली र छठ पर्व नजिकिँदै गर्दा वीरगंजको घण्टाघर क्षेत्रमा माटोका दियो, कलश र पूजाका सामग्रीहरूको बिक्री–वितरण शुरु भएको छ ।

हरेक वर्ष झैँ यस वर्ष पनि पर्व शुरु हुनु केही दिनअघि नै बजारमा माटाका सामग्री, रंगोलीका सामान, दियो, कलश, धूप, माला र अन्य पूजा सामग्रीको किनमेलको कारण घण्टाघर चोकमा चहलपहल बढेको हो ।

स्थानीय व्यापारीहरूले पछिल्ला दिनमा दीपावली र छठ पर्वका तयारीसँगै माटाका दियो र कलशको माग बढ्दै गएको छ । उनीहरूले वीरगंज आसपासका गाउँ–नगरबाट समेत खरिद गर्न आउनेहरूको भीड बढिरहेको बताएका छन् ।

घण्टाघरको बजारमा बिहानदेखि बेलुकीसम्म पर्वको रौनक देखिन थालेको छ भने सर्वसाधारणले पनि दियो बाल्ने र पूजा गर्ने तयारी शुरु गरिसकेका छन् ।

# ‘बजार अनुगमन प्रभाकारी नहुँदा मुल्यवृद्धि’

**मधेशदृष्टि**
**रौतहट ।**

रौतहटमा सम्बन्धित निकायले बजार अनुगमनमा ध्यान नदिँदा उपभोक्ताहरू गुणस्तरहीन खाद्यान्न र मनोमानी मूल्यको प्रत्यक्ष मारमा पर्न थाल्नुभएको छ । बजार अनुगमन नहुँदा पसलै पिछे दैनिक उपभोग्य वस्तुको मूल्य फरक हुन थालेको हो । विशेषगरी चन्द्रनिगाहपुर, गौर, गरुडा, कटहरिया लगायतका प्रमुख बजारमा व्यापारीहरूको मनोमानी बढ्दै गएपछि सर्वसाधारणको जीवनयापन प्रभावित बन्न थालेको छ ।

चन्द्रनिगाहपुरका स्थानीय बासिन्दा प्रल्लाद गौतमका अनुसार, पहिला चन्द्रपुर नगरपालिकाले एक वर्षमा एक–दुई पटक बजार अनुगमन गर्ने गथ्र्यो, तर हाल अनुगमन नहुँदा व्यापारीहरूको मनोमानी बढेको छ । उनले भने, ‘बजार अनुगमन नहुँदा होटेलदेखि खाद्य सामाग्री बिक्रेताहरूले उपभोक्ताको स्वास्थ्यको ख्यालै गर्न छोडेको छ ।’ उपभोक्ता हित संरक्षण मञ्च रौतहटका अध्यक्ष टिका घिमिरेका अनुसार, जिल्लाका प्रमुख बजारमा नियमित अनुगमन हुनुपर्नेमा पालिकाहरुले ध्यान नदिँदा समस्या उत्पन्न भएको छ । उनले जिल्लाका १८ वटै स्थानीय तहका बजार अनुगमन गर्न आवश्यक रहेको बताए ।

गौरका स्थानीय बासिन्दा प्रेम चन्द्र झाले पनि बजारका होटल, किराना पसल र मेडिकल क्लिनिकमा गुणस्तरहीन सेवा दिइएको र नियमित अनुगमन नहुँदा उपभोक्ताले ज्यान जोखिममा पर्ने अवस्था सिर्जना भएको बताए । उनले चाडपर्वको बेला मात्र नभइ स्थानीय तह तथा प्रशासनले नियमित बजार अनुगमन गर्नुपर्नेमा जोड दिए ।

**चाडपर्व नजिकिँदा तरकारी मूल्य आकाशियो**

यसैबीच, तिहार र छठ पर्व नजिकिँदै गर्दा रौतहटका बजारमा तरकारीको मूल्य आकासिएको छ । बजार अनुगमन तथा मूल्य नियन्त्रण नहुँदा उपभोक्ताले आर्थिक मार खेप्नु परेको छ ।

१० दिन अगाडिसम्म रौतहटको बजारमा प्रति किलो २० रहेको घिरौला यतिबेला ६० देखि ८० रुपैयाँसम्म पुगेको छ । यस्तै १० रुपैयाँ प्रति किलो रहेको भेन्डी ५० देखि ६० रुपैयाँ प्रति किलो पुगेको हो। प्रति किलो ४० रुपैयाँ रहेको भेन्टा हाल १०० रुपैयाँभन्दा माथि पुगेको छ । काउली प्रति किलो १२० देखि १४०, टमाटर र भेन्टा १००, आलु ४० देखि ५०, प्याज ५०, र हरियो खुर्सानी १८० देखि २००, गोलभैँडा १४० देखि १६०, करैला प्रतिकिलो १४० रुपैयाँसम्ममा बिक्री भइरहेको छ ।

चन्द्रपुर–१० की गृहिणी सोनिया साहले भनिन्, ‘चाडबाडकै बेला तरकारी र खाद्यान्नको मूल्य अत्यधिक बढ्दा सामान्य परिवारका लागि दैनिक उपभोगका सामग्री खरिद गर्न कठिनाइ भइरहेको छ ।’ तरकारी व्यवसायी बेचन साहका अनुसार, होलसेल बजारबाटै मूल्य वृद्धि भएको हुँदा खुद्रा स्तरमा पनि मूल्य बढ्न बाध्य हुन्छ ।

स्थानीय समाजसेवी बसन्त आर्चायले बजार अनुगमन प्रभावकारी नभएको गुनासो गरे । उनले भने, ‘स्थानीय तहहरूमा अनुगमन केवल औपचारिकताको लागि मात्र गरिन्छ, जसको प्रत्यक्ष मारमा आम उपभोक्ता पर्छन् । चाडबाडमा स्थिति अझ गम्भीर बन्छ, त्यसैले अनुगमनलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक छ ।’

**प्रशासन र स्थानीय तहको तयारी**

यता स्थानीय तहदेखि जिल्ला प्रशासनसमेत एक–दुई दिनभित्रै बजार अनुगमनको तयारी थालेको बताइएको छ । चन्द्रपुर नगरपालिकाकी उपप्रमुख जयमाला चौधरीले अबको एक–दुई दिन भित्रै बजार अनुगमन गर्ने तयारी थालिएको बताइन् ।

जिल्ला प्रशासन कार्यालय रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी किरण निधि तिवारीले पनि अबको एक–दुई दिनभित्र बजार अनुगमन थाल्ने तयारी भइरहेको जानकारी दिइन् । उनले भनिन्, ‘नियमित बजार अनुगमन गर्न खोज्दा व्यवसायीहरू सटर झारेर फरार हुने गरेकोले अनुगमन प्रभावकारी हुन सकेको थिएन । अब व्यवसायीसँग समन्वय तथा छलफल गरेर नियमित अनुगमन गर्नेछौँ ।’ उपभोक्ताहरूले पनि स्थानीय तह र सम्बन्धित निकायले बजार मूल्य नियन्त्रण तथा नियमित अनुगमनको व्यवस्था मिलाउन आवश्यक भएकामा जोड दिएका छन् ।


## अधिकतम खूद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सुचना

यस कम्पनीले CHINA बाट पैठारी गरेका देहायको माल बस्तूहरुको अधिकतम खूद्र बिक्रि मुल्य निम्न बमोजिम भएको ब्यहोरा सर्व साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ

| सि.नं. | मालवस्तुको विवरण | आकार।प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रतिईकाई मुल्य | अधिकतम खुद्रा विक्रि मुल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FRONT LOAD WASHER, BLDC INVERTER MOTOR | | VELTECH | JMHFWM8002025 | 8 KG | CHINA | PCS | NPR | 53,500.00 | |
| 2 | FRONT LOAD WASHER, BLDC INVERTER MOTOR | | VELTECH | JMHFWM9002025 | 9 KG | CHINA | PCS | NPR | 56,000.00 | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

विक्रेता फर्मको नाम : जय माँ ईलेक्ट्रोनिक्स
ठेगाना : बिरगंज बाईपास-२
स्थायि लेखा नं. 302637148
फोन 051-531107,529772

## सम्पादकीय

# एउटा दुःखद दृष्टान्तमा निरीह नेपाली समाज

*इजरायली सेनाले नेपाली युवा विपिन जोशीको शवबारे परिवारलाई सूचित गरेको छ। हमासले हस्तान्तरण गरेका विपिन र गाय इलुजसहित चारजनाको परिवारलाई सूचना दिइएको हो। योसँगै विपिन जीवितै फर्कने दुई वर्षदेखिको आसा तुषारापात भएको छ। आइडिएफका अनुसार अन्य दुई जनाको परिवारले नाम प्रकाशनका लागि अनुमति दिएका छैनन्। विपिनलाई २३ वर्षको उमेरमा किब्बुत्ज अलुमिमको आश्रयस्थलबाट हमासले अपहरण गरेको आइडिएफले जनाएको छ। युद्धको पहिलो महिनामै उनको हत्या गरिएको हुनसक्ने अनुमान गरिएको छ। अर्थात् विपिन अपहरणपछि नै आक्रमणमा परेका थिए।*

*अर्का मृतक गायलाई नोभा म्युजिक फेस्टिभलमा भागेपछि हामासले जिउँदै घाइते अवस्थामा अपहरण गरेको थियो। कैदमा रहँदा उचित चिकित्सा उपचार नपाएर उनको मृत्यु भएको जनाइएको छ। मृत्यु हुँदा उनी २६ वर्षका थिए। राष्ट्रिय फरेन्सिक मेडिसिन केन्द्रले मृत्युको परिस्थितिको जाँच पूरा गरेपछि अन्तिम निष्कर्ष निकाल्नेछ। आइडिएफले परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ।*

*हमासले सम्झौताको आफ्नो हिस्सा पूरा गर्नुपर्ने र सबै बन्धकलाई उनीहरूका परिवार र उचित दाहसंस्कारका लागि फिर्ता गर्न आवश्यक प्रयास गर्नुपर्ने कुरामा जोड दिँदै आइडिएफले सबै बन्धकलाई फिर्ता ल्याउन हरसम्भव प्रयास जारी राखेको जनाएको छ।*

*नेपाल सरकारका कैयौँ परराष्ट्रमन्त्रीहरुले विपिन जोशीको रिहाइका लागि गरेको पहल, नेपाली समाजले उनी जीवितै फर्कून् भनेर गरेको कामनादेखि अधिकारवादीहरुको वकालत खेर गएको छ। आफ्ना नागरिक पढ्नै कमाउँदै अभियानमा विदेशमा पुग्दा मृत्युको मुखमा पुगेका कैयौँ दृष्टान्तमा यो हर नेपालीको मनमा गढिरहने एउटा दीर्घकालसम्म बिर्सन नसकिने इतिहासको गर्तमा विपिन जोशी कैद भएका छन्।*

# पर्यटकको पर्खाइमा गण्डकीका पर्यटकीयस्थल

**वासुदेव पौडेल**

दशैँ लगत्तै बसातका कारण दुई–तीन दिन मौसम प्रतिकूल भए पनि त्यसयता गण्डकी प्रदेशभित्रका पदमार्गहरूमा चहलपहल बढिसकेको छ। बर्सातले केही 'बुकिङ'हरू रद्द भए पनि यतिखेर अधिकांश पदमार्गहरूमा स्वदेशी एवम् विदशी पर्यटक देखिन थालेका छन्।

उत्तरतर्फ हिमालहरू खुलिसकेका छन्। यहाँका प्राकृतिक सौन्दर्यहरू पर्यटकको स्वागतको पर्खाइमा बसेजस्तै देखिन्छन्। दशैँ र तिहारको बीचमा अधिकांश शैक्षिक संस्थाहरू बिदा भएका कारण पछिल्ला समयमा आन्तरिक पर्यटकहरूको पनि पदयात्रा गर्न जाने क्रम बढ्दै गएको छ।

तराईको नवलपुरदेखि हिमालपारिको जिल्ला मुस्ताङको लोमान्थाङ र मनाङ जिल्लासम्म समेटिएको गण्डकी प्रदेश पदयात्रा पर्यटनका लागि आकर्षक गन्तव्य हो। यहाँका अन्नपूर्ण चक्रीय पदमार्गदेखि धवलागिरि पदमार्ग, मर्दी हिमाल पदमार्ग, गुरुङ सम्पदा पदमार्ग, सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) लगायत लामा र छोटा गरी धेरै पदमार्गहरू रहेका छन्।

प्रदेशभित्रका सबै पदमार्ग पदयात्राका लागि सुरक्षित रहेको र पर्यटकको आगमन पनि बढ्दै गएको ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिए। 'गण्डकी प्रदेशभित्रका सबै पदमार्ग पदयात्राका लागि खुलिसकेका छन्,' उनले भने, 'सबै पदमार्गहरू पदयात्राका लागि सुरक्षित छन्। यतीखेर यहाँका पर्यटकीयस्थलसँगै पर्यटन व्यवसायीहरू पदयात्री पर्यटक स्वागतको पर्खाइमा रहेका छन्।'

नेपाल पर्यटन बोर्डको आयोजनामा हालै फ्रान्समा भएको प्रवद्र्धनात्मक कार्यक्रममा नेपालका पदमार्गहरू पर्यटकका लागि सुरक्षित भएको सन्देश प्रवाह गरिएको जानकारी दिए। हिमाल आरोहणको इतिहासमा नै जेठो हिमालका रुपमा परिचय बनाएको अन्नपूर्ण हिमालसँग जोडिएको अन्नपूर्ण चक्रीय पदमार्गदेखि धवलागिरि हिमालको नामसँग जोडिएको धवलागिरि पदमार्गलगायत प्रदेशभित्रका सबै पदमार्गहरू यतिखेर पर्यटक स्वागतको पर्खाइमा रहेको उनले बताए।



विश्वका १० उत्कृष्ट पदमार्गमध्येमा पर्ने अन्नपूर्ण चक्रीय पदमार्गसहित यस क्षेत्रका अन्य पदमार्गहरू पर्यटकले रुचाइएका पदमार्गमा पर्दछन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत रहेको अन्नपूर्ण क्षेत्रको पदयात्रामा पर्यटकहरूको आगमन बढिरहेको आयोजना प्रमुख रबिन कडरियाले जानकारी दिए। चक्रीय पदमार्गअन्तर्गत अधिकांश स्थानमा सुविधासहितका खानेबस्ने होटेलहरू सञ्चालनमा आइसकेका छन्।

पर्यटकहरूले धेरै रुचाएको अन्नपूर्ण आधार शिविर जाने पदमार्गमा चार दशकअघि सो क्षेत्र जानुपर्दा यहाँका भेडी गोठका साथै स्थानीयवासीले बनाएका चित्रा वा भकारीले बारेका झुपडीमा बस्नु पर्दथ्यो। अहिले भने उक्त क्षेत्रमा सुविधासम्पन्न होटेल बनेका कारण पदयात्रीहरू सहज रुपमा पदयात्रा गर्न सक्छन्। यसअघि यस पदमार्गअन्तर्गत सिनुवा, बाम्बो, हिमालयन, दोभान, देउराली, माछापुच्छ्रे र अन्नपूर्ण आधार शिविरमा २६ होटेल सञ्चालन भएकामा हाल ती स्थानमा होटेलसहितका पूर्वाधार थपिएको छोम्रोङ पर्यटन व्यवसायी समितिका सचिव दिलीप गुरुङले जानकारी दिए। दुई–तीन दिनयता यस क्षेत्रमा पर्यटकहरूको आगमन बढ्दै गएको बताउँदै उनले आफूहरू पर्यटकको स्वागतका लागि तम्तयार भएर बसेको जानकारी दिए।

अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (एक्याप) द्वारा २०४३ सालदेखि संरक्षण हुँदै आएको यस क्षेत्रमा एक्यापको निर्धारित मापदण्डअनुसार प्रत्येक होटलमा छका दरले १५६ वटा कोठा मात्रै रहेका थिए। सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै अन्नपूर्ण क्षेत्रले विश्वव्यापी चर्चा पाएको थियो।

समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण प्रथम आरोहणको सफलतापछि सन् १९५३ मे २९ मा तेन्जिङनोर्गे शेर्पा र एडमन्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए। अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्व प्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै अन्नपूर्ण क्षेत्र क्रमिक रुपमा पदयात्राका लागि आकर्षक गन्तव्य बन्दै गएको हो।

अन्नपूर्ण चक्रीय पदमार्गसहित आधार शिविर जाने पदमार्ग, घारेपानी पदमार्ग, मर्दी हिमाल पदमार्ग, सिक्लेस, कपुचे पदमार्ग, नर्थ अन्नपूर्ण पदमार्ग यहाँका अन्य पदमार्ग रहेको एक्यापका प्रमुख कडरियाले जानकारी दिए। अन्नपूर्ण क्षेत्रकै पोखराबाट नजिक रहेर पनि हिमाल छुन सकिने अर्को पदमार्ग मर्दी हिमाल पदमार्ग हो।

छोटो समयमा हिमाल चुम्न सकिने पदमार्गका रुपमा चासो र चर्चा कमाएको यो पदमार्ग गुराँस फुल्ने जङ्गलै जङ्गल चराचुरुङ्गीको चिरविराहट सुन्दै र देख्दै हिँड्न सकिने पदमार्ग हो। सबै उमेर समूहका व्यक्तिले पदयात्रा गर्नसक्ने यस पदमार्गबाट चाँदी जस्तै टलक्क टल्किएका माछापुच्छ्रे, मर्दी, अन्नपूर्ण साउथ, गङ्गापूर्णजस्ता हिमाललाई एक साथ अवलोकन गर्दै पदयात्रा गर्न सकिन्छ। पर्यटकीय नगरी पोखराबाट दुई दिनमा नै पुगी हिमाल चुम्न सकिने मर्दी पदमार्ग छोटो दूरीको पदयात्रा गर्न चाहने जो कोहीका लागि आकर्षक गन्तव्य बन्दै गएको छ। यहाँबाट अन्नपूर्ण, धौलागिरि, माछापुच्छ्«े, मनास्लुलगायत हिमाल एक साथ देख्न सकिन्छ। कास्कीको काँडेबाट प्रारम्भ हुने यस पदयात्रा मार्ग अष्ट्रेलियन क्याम्प, पोथना, प्रितम देउराली, फोरेष्ट क्याम्प, लो क्याम्प, बादलडाँडा हुँदै मर्दी हाइक्याम्पसम्म पुग्दछ। यी सबै स्थानमा बस्न र खानका लागि होटेल सञ्चालनमा आइसकेका छन्।

समुद्री सतहबाट तीन हजार ५५० मिटर उचाइको मर्दी हाइक्याम्पबाट करिब दुई घण्टामा चार हजार २०० मिटर उपचाइको 'भ्यू प्वाइन्ट' र त्यहाँबाट दुई घण्टामा चार हजार ५०० मिटर उचाइको मर्दी आधार शिविर पुग्न सकिन्छ। हाइक्याम्पबाट ठाउँठाउँका साँघुरा अप्ठेरा बाटा पार गर्दै 'भ्यू प्वाइन्ट' र आधार शिविर पुग्न सकिन्छ। सुरुमा काँडे हुँदै पदयात्रा गर्नेहरू फर्कंदा भने माछापुच्छ्रे गाउँपालिकाको सिदिङबाट आउँछन्। सिदिङसम्म जिप जाने भएकाले त्यहाँबाट झण्डै दुई घण्टाको समयावधिमा पर्यटक पोखरा पुग्दछन्।

गण्डकी प्रदेशको धवलागिरि हिमालको फेरोमा गरिने धवलागिरि पदमार्ग अर्को महत्वपूर्ण पदमार्ग हो। टान गण्डकीका अध्यक्ष आचार्यका अनुसार करिब १८ देखि २१ दिनसम्म पदयात्रा गर्न सकिने यस पदमार्गका अधिकांश स्थानमा होटेल लगायतका पूर्वाधार नभएका कारण क्याम्पिङ गर्नुपर्ने अवस्था रहेको छ।

पछिल्ला समयमा जथाभावी बाटो खन्ने नाममा विभिन्न पदमार्ग छोटिँदै गएका अवस्थामा गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशको सक्रियतामा कास्कीको मादी गाउँपालिकादेखि मनाङको तिमाङसम्म जोडिने गुरुङ सम्पदा पदमार्गलाई अध्ययनअनुसन्धानपछि विभिन्न चरणमा प्रवद्धनात्मक पदयात्रा सम्पन्न गरिसकिएको छ।

प्रकृति, संस्कृति र प्राचीन इतिहासको साक्षीका रुपमा परापूर्वकालमा भोटमा नुन लिन जाने मार्गका साथै परम्परागत भेडीगोठ जाने मार्गहरू यस पदमार्गमा समेटिएको गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवम् गुरुङ सम्पदा पदमार्ग कार्यक्रमका संयोजक बोरबजङ्ग गुरुङले जानकारी दिए। खोज तथा अनुसन्धानका क्रममा एउटा मूल पदमार्गसहित एक दर्जनभन्दा बढी आवश्यकता र चाहनाअनुसार सञ्चालनमा ल्याउन सकिने सहायक पदमार्गहरू पहिचान गरिएको उनले जानकारी दिए। यी पदमार्गहरूमा पर्यटकले पाँचदेखि १० दिनसम्म बिताउन सक्ने उनको भनाइ छ। यस पदमार्गअन्तर्गत पोखराबाट मादी गाउँपालिकाका पर्यटकीय गाउँ सिक्लेसबाट कफुचे, कोरी हुँदै क्होलासोँथर एवम् ताङतिङबाट क्रपु डाँडा, तप्रो, क्होलोसोंथर, ठूलेक, थुर्जु, दूधपोखरी, गुरुङ देउराली (नामुन पास) डाँफेखर्क हुँदै मनाङको चामे गाउँपालिकाको तिमाङसम्म पुग्न सकिन्छ। यो पदमार्ग कास्कीका सिक्लेस, ताङतिङका साथै याङजाकोट, नागिधार, थाकलगायत गाउँका साथै लमजुङको घलेगाउँ, घनपोखरा, भुजुङ, सिङ्दी, पसगाउँ, गिलुङ, टक्सार, सिउरुङ गाउँहरूबाट सुरु गरेर यिनै मध्येका विभिन्न गाउँमा आवश्यकता र चाहनाअनुसार छोटो तथा लामो लामो दूरीका पदमार्गलाई प्रयोगमा ल्याउन सकिन्छ।

यस पदमार्गमा विभिन्न 'टी–हाउस' लगायतका पूर्वाधार विकास गर्नु जरुरी रहेको बताउँदै गुरुङले आफूहरू त्यसको तयारीमा लागेको जानकारी दिए। यस पदमार्ग क्षेत्रमा नै पर्ने चार हजार ५८५ मिटर उचाइको धार्मिक महत्वको दूधपोखरी यहाँको विशिष्ट धार्मिक तीर्थस्थल हो भने पदयात्रा क्रममा प्रशस्त खोला तथा मनोरम पोखरीसँगै ठूलाठूला खर्क र पाटनहरूबाट अन्नपूर्ण, माछापुच्छ्«े, लमजुङ, हिमलुङ, गणेश, हिमालचुली, मनास्लु जस्ता हिमश्रृङ्खलालाई नजिकैबाट अवलोकन गर्न सकिन्छ।

गण्डकी प्रदेशमा उत्तरी भेगका साथै नेपालको एक मात्र मध्यपहाडी क्षेत्रको पदमार्ग सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) पनि रहेको छ। तनहुँको दुलेगौडाबाट स्याङ्जाको रामबाछा जोडिने यो पदमार्ग २०५६ सालदेखि सञ्चालनमा आएकामा बीचका केही वर्ष सुस्ताए पनि पछिल्ला वर्षमा मिलेनियम ट्रेक व्यवस्थापन समितिको सक्रियता र स्थानीयवासीको जागरुकतामा पुनः चलायमान बनेको छ।

पछिल्ला वर्षमा यस पदमार्गमा स्वदेशी पर्यटकका साथै विदेशी पर्यटकको आगमन पनि बढिरहेको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले जानकारी दिए। पहिलोपटक आर्थिक वर्ष २०६४÷६५ मा नक्साङ्कन गरिएको यो पदमार्ग समुद्री सतहबाट ४२० मिटरदेखि एक हजार ७१५ मिटर उचाइसम्ममा रहेको छ। पछिल्लो समयमा दोस्रो नक्साङ्कनसमेत गरी पोखरा महानगरपालिकाका केही भू–भाग पनि यस पदमार्गमा समेटिएको छ।


उच्च पहाडी स्थानमा जान नसक्ने तर पदयात्राको इच्छा राख्नेका लागि समेत उपयुक्त मानिएको यस पदमार्गमा पछिल्ला वर्षमा पर्यटक लक्षित घरबास पनि ठाउँठाउँमा सञ्चालन भएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य एवम् मिलेनियम भैँसेगौडा सामुदायिक घरबास सञ्चालक समितिका अध्यक्ष बालकुमार गुरुङले जानकारी दिए।

यस पदमार्गमा पूरै पदयात्रा सम्पन्न गर्न भने एक हप्ता लाग्छ। बीचबीचमा छोटो दूरीमा एकदिने हाइकिङदेखि दुई–तीन दिनका छोटो दूरीका पदयात्राका लागि पनि यो आकर्षक गन्तव्य बनिरहेको छ। कुल ७२ किलोमिटर लम्बाइमा रहेको यो पदमार्ग चरा पर्यटनका लागि पनि उपयुक्त मानिन्छ। महासचिव गुरुङका अनुसार दुलेगौँडाबाट सहस्राब्दी पदमार्गको पदयात्रा सुरु गर्ने पर्यटक यहाँको गाछेपानीस्थित रकगार्डेन हुँदै आफ्नो यात्रा प्रारम्भ गर्दछन्। पदमार्ग क्षेत्रमा पर्ने धार्मिक पर्यटकीयस्थल च्यवनधामदेखि ढोरबाराही मन्दिर, ढोर मूलकोट दरबार आदि यहाँका आकर्षण हुन्। त्यस्तै पदयात्रीहरू मनोरम हिमाली एवम् पहाडी दृश्य अवलोकन गर्दै यहाँका रजस्थल, घेरडी, सादीखोला, काल्खु, राइपुर, कोल्मा, भैँसेगौँडा, चन्द्रकोट, गैरीस्वाँहारा, बानेथोक, भञ्ज्याङ, देउपुजे ढुङ्गा, सिङ्गारकोट, बुढाकोट, राम्चे, गहते मनकामना, सुन्तलाबारी हुँदै रामबाछा पुगेर पोखरा फर्कन्छन्। पदयात्राको याम सुरु भैरहँदा यहाँका पर्यटकीयस्थल एवम् पर्यटन व्यवसायी पर्यटकको स्वागतको पर्खाइमा रहेको उनले बताए। रासस

# विपिन जोशीको शव केही दिनमा नेपाल 'आउन सक्ने'



**गनी अन्सारी**




इजरेलमा नेपाली विद्यार्थी विपिन जोशीको शवको जाँच र त्यसबाट निकालिएको नमुनाबाट डीएनए परीक्षण गरिएको काठमाण्डुस्थित परराष्ट्र मन्त्रालय स्रोतले बीबीसीलाई बताएको छ। 'इजरेली पक्षबाट डीएनए परीक्षण भइसकेको छ। यद्यपि आधिकारिक रूपमा भन्नलाई केही प्रक्रिया पूरा गर्नुपर्ने भएर उनहरूले औपचारिक जानकारी दिन बाँकी छ,' स्रोतले भन्यो।

हमासले जोशीसहित चार जनाको अवशेष सोमबार इजरेली पक्षलाई हस्तान्तरण गरेको थियो। इजरेली सेनाले हमासले फिर्ता पठाएका शवमध्ये विपिन जोशीको पनि भएको पुष्टि गरेको छ। आइडिएफले गाजा युद्धको प्रारम्भिक महिनातिरै 'नेपाली विद्यार्थी विपिन जोशीको बन्धक अवस्थामै हत्या भएको हुन सक्ने' जनाएको छ। आइडिएफका अनुसार राष्ट्रिय विधिविज्ञान केन्द्रले जोशीको मृत्युको परिस्थितिसम्बन्धी परीक्षण सम्पन्न गरेपछि उनको विषयमा अन्तिम निष्कर्ष निकालिने छ।

**शव कहिले आउला**

अधिकारीहरूका अनुसार यसअघि पनि इजरेली सरकारले नै हमास समूहको आक्रमणमा मारिएका नेपाली विद्यार्थीहरूका शव नेपाल पठाइदिएको थियो। 'अहिलेसम्म त्यही छ। १० जनाको हकमा पहिला पनि त्यसै भएको हो,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले बीबीसी न्यूज नेपालीसँग भने।

तेल अभिभस्थित नेपाली दूतावासका अधिकारीहरूले पनि इजरेल सरकारले नै शव पठाइदिने विश्वास व्यक्त गरेका छन्। 'आवश्यक प्रक्रिया पूरा भएपछि इजरेल सरकारले नै शव नेपाल पठाइदिने छ,' एक अधिकारीले भने।

इजरेलमा आवश्यक प्रक्रिया पूरा हुनासाथ सकेसम्म छिटो शव पठाउनका लागि इजरेली अधिकारीहरूसँग समन्वय गर्न तेल अभिभस्थित राजदूतलाई निर्देशन दिइएको परराष्ट्र मन्त्रालयका प्रवक्ता क्षेत्रीले बताए।

हाल अमेरिकामा रहेका जोशीकी आमा पद्मा र बहिनी पुष्पा नेपाल आइपुगेकै दिन इजरेलले शव पठाउने बुझिएको छ। 'उनहरू पर्सि बिहीवारे नेपाल आइपुग्नुहुन्छ र सोही दिन इजरेलले शव पठाउन सक्छ,' ती अधिकारीले बीबीसीसँग भने।

किशोर जोशीले पनि पद्मा र पुष्पा बिहीवार नेपाल फर्किन लागेको पुष्टि गरे। 'काकी र बहिनी अमेरिकाबाट पर्सि नेपाल आइपुग्नुहुन्छ,' बीबीसी न्यूज नेपालीसँग उनले भने।

**'डीएनए नमुना पहिल्यै लगिएको थियो'**

अधिकारीहरूका अनुसार विपिन जोशी हमास समूहको अपहरणमा परेपछि त्यति बेला नै नेपालमा भएका उनका परिवारजनमबाट डीएनएको नमुना सङ्कलन गरिएको थियो। 'विपिन अपहरणमा परेपछि र १० जना नेपाली विद्यार्थी मारिएपछि इजरेली अधिकारीहरूले नेपालबाट डीएनए नमुना लगेका थिए,' घटनाबारे जानकार अर्का अधिकारीले बीबीसी न्यूज नेपालीसँग भने।

परिवारका सदस्यसँग डीएनए नमुना मेल खाएपछि सम्बन्धित परिवारलाई शव बुझाउने गरिएको छ।

इजरेली सेनाले विपिन जोशीको मृत्युबारे उनकी बहिनी पुष्पा र ठूलोबुवाका छोरा किशोर जोशीसँगै नेपाली राजदूत धनप्रसाद पण्डितलाई सामूहिक कलमार्फत् सोमवार बिहान जानकारी गराएको थियो।

यद्यपि विपिन जोशीको नाम जीवित वा मृत दुवै वर्गका बन्धकको सूचीमा नपरेकाले उनको अवस्थाबारे अन्योल उत्पन्न भएको थियो। जीवित रहे वा नरहेको अन्योलबीच सोमवार राति हमास समूहले विपिन जोशीसहित चार जनाका शव इजरेली पक्षलाई फिर्ता गर्न लागेको बतायो।

इजरेली सेनाले मङ्गलवार फिर्ता गरिएका शवमध्ये एउटा जोशीको भएको पुष्टि गरेको छ।

**पहिला के भएको थियो**

सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरेलमा गरेको आक्रमणमा परी १० जना नेपाली विद्यार्थीसहित १ हजार २ सय जनाको ज्यान गएको थियो। सबै नेपाली विद्यार्थीहरू सुदूरपश्चिम विश्वविद्यालयको कृषिविज्ञान सङ्कायमा अध्ययनका क्रममा 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इजरेल पुगेका विद्यार्थी थिए। अधिकारीहरूका अनुसार त्यति बेला इजरेल सरकारले सबै शव नेपाल पठाइदिएको थियो।

शवहरू बुझ्न मृतकका परिवारका सदस्यहरूसँगै तात्कालिक परराष्ट्रमन्त्री एनपी साउदका साथै नेपालका लागि इजरेलका तात्कालिक राजदूत हनान गोदर काठमाण्डूस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए। त्यहाँबाट शवहरू विभिन्न जिल्ला लगेर धार्मिक विधिअनुसार अन्तिम संस्कार गरिएको थियो।

पूर्वराजदूतको सम्झनामा विपिन जोशी नेपालका लागि इजरेली पूर्वराजदूत गोदरले विपिन जोशी नेपालबाट इजरेल जान लाग्दा बिदाइ गरेको क्षणको स्मरण गर्दै उनीप्रति श्रद्धाञ्जलि व्यक्त गरेका छन्।

विपिन जोशीको मृत्यु भएको पुष्टि भएपश्चात् सोमवार सामाजिक सञ्जाल फेसबुकमा एउटा पोस्ट गर्दै गोदरले जोशी हामीमाझ नरहेको र आशाको दुई वर्ष अब समाप्त भएको उल्लेख गरेका छन्।

'विपिन नेपालबाट इजरेल उड्नुअघि उनलाई भेट्ने अवसर पाएको थिएँ। एक युवा, ऊर्जावान् र क्षमतावान् विद्यार्थीले आफ्नो परिवार, समुदाय र देशका लागि केही राम्रो गर्न चाहेका थिए,' उनले लेखेका छन्।


**विपिन जोशी कसरी पुगेका थिए**

नेपाली विद्यार्थीहरू 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इजरेल जाने गरेका छन्। कञ्चनपुरका विपिन जोशी पनि त्यसै कार्यक्रम अन्तर्गत गाजाको सीमानजिकै एउटा कृषि फर्ममा कार्यरत थिए। कृषि फर्ममा कार्यरत १७ जना नेपाली विद्यार्थीमध्ये १० जनाको हमासको आक्रमणमा परेर मृत्यु भएको थियो। अक्टोबर २०२३ को घटनामा अरू नेपाली घाइते भएका थिए भने जोशी सम्पर्कविहीन भएका थिए। उनी हमासको अपहरणमा परेको ठानिएको थियो। अन्य दुई जना भने सकुशल थिए। विपिन जोशीसँग एउटै फर्ममा कार्यरत रहेका र उद्धार गरेर नेपाल फर्काइएका विद्यार्थीहरूले उनले हमासले प्रहार गरेको ग्रिनेड फालेर आफूहरूलाई बचाएको बताएका थिए।

केही साताअघि हमासले तस्बिरसहित सार्वजनिक गरेको एउटा सूचीमा उक्त लडाकु समूहले जोशीको नाम पहिलो पटक समाविष्ट गरेको थियो। तर उनको अवस्था खुलाइएको थिएन। गत वर्ष इजरेली सेनाले फेला पारेको एउटा भिडिओमा जोशीलाई गाजास्थित एउटा अस्पतालभित्र लग्दै गरिएको देखिएको थियो। उक्त भिडिओ नोभेम्बर २०२३ को थियो।

हमासले खिचेको र आईडीएफले फेला पारेर परिवारजनलाई उपलब्ध गराएको अर्को भिडिओमा जोशीले आफ्नो परिचय दिएका छन्। हमास र इजरेलले सङ्घर्षविराम गर्ने तयारी गरेपछि जोशी परिवारले उनी 'जीवित रहेको' प्रमाण भन्दै भिडिओ सार्वजनिक गरेको थियो। बीबीसी

# राष्ट्रियता र लोकतन्त्रका निमित्त कांग्रेस कसैसँग सम्झौता गर्दैन



शेरबहादुर देउवा
सभापति, नेपाली कांग्रेस

नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रियता र लोकतन्त्रका पक्षमा कांग्रेसले कहिल्यै कसैसँग कुनै सम्झौता नगरेको बताएका छन् । कांग्रेस केन्द्रीय कार्यसमितिको मंगलबारको बैठकमा उनले जुनसुकै कालखण्डमा पनि देशमा उत्पन्न विषम परिस्थितिलाई ठीक ढङ्गले पहिचान गर्ने र मुलुकलाई जटिलताबाट सहजतातर्फ पु¥याउने कांग्रेसको विशेषताले नै पार्टीलाई सदैव जनताको प्यारो पार्टीका रुपमा स्थापित गरिरहेको उल्लेख गरे ।

'जेन्जी' आन्दोलनका क्रममा साङ्घातिक हमलामा परी घाइते भएका उनी पहिलोपटक सार्वजनिक रुपमा देखिए । आन्दोलनपछि पहिलो पटक भएको कांग्रेस केन्द्रीय समिति बैठक मंगलबार बसेको हो । उनले लोकतन्त्र प्राप्तिको सङ्घर्षमा होस् वा देशमा भएका सबै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको आन्दोलन होस्, सदैव सही एजेण्डा तय गरी देशलाई उचित गन्तव्यमा पुऱ्याउन कांग्रेस सफल भएको बताए ।

'अहिले हामी केन्द्रीय कार्यसमितिको बैठक गरिरहँदा देशभित्र र विश्वभरी फैलिएर रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीसहित संसारको आँखा यो बैठकतर्फ आकृष्ट भएको मैले अनुभूति गरेको छु,' सभापति देउवाले भने, 'त्यसैले पनि हामीले समसामयिक राजनीतिको सही विश्लेषण गरेर मुलुकलाई उचित निकास दिने गरी निर्णय गर्न आवश्यक छ । यस बैठकबाट कांग्रेसले आफ्नो इतिहासमा आर्जित विश्वनियतालाई पुर्नपुष्टि गर्नुपर्दछ ।'

मुलुकको यो विषम अवस्थामा तोडफोड, लुटपाट र आगजनी गरी खरानी भएर भग्नावषेशको रुपमा बाँकी रहेको केन्द्रीय कार्यालयमा बैठक बसिरहेको उल्लेख गर्दै उनले यसले पक्कै पनि सबैलाई स्तव्ध बनाएको उल्लेख गरे । उनले भने, 'म सबैभन्दा पहिले भदौ २३ र २४ गतेको घटनामा परी ज्यान गुमाउनु हुने सबैमा श्रद्धाञ्जली व्यक्त गर्दछु ।

दुःखको यस घडीमा शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । घटनामा घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।'

## 'घुसपैठले अर्कै रुप लिँदा निर्दोष नवयुवकहरुको ज्यान गयो'

भदौ २३ गते जेन्जीको शान्तिपूर्ण प्रदर्शनको क्रममा घुसपैठ भएको र प्रदर्शनले अर्कै रुप लिँदा निर्दोष नवयुवकहरुको ज्यान गएको बताउँदै सभापति देउवाले यस घटनाले आफूलाई मर्माहित बनाएको उल्लेख गरे । गत भदौ २४ गते बिहानैदेखि राष्ट्रपति भवन, सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, विभिन्न मन्त्रालयलगायत राजनैतिक दलका विभिन्न कार्यालयहरु, नेताहरुको निजी घर डेरा, सञ्चार गृहलगायत व्यावसायिक तथा व्यापारिक प्रतिष्ठानहरुमा आक्रमण, तोडफोड, लुटपाट र आगजनी गरिएको अकल्पनीय घटनाको निन्दा गरे । यसबाट जनधनको अपूरणीय क्षति भएको र सम्भवतः यो नेपालको इतिहासमै एउटा डर लाग्दो दिनका रुपमा लिपिबद्ध हुने उनको भनाइ थियो ।

केन्द्रीय कार्यालयसहित ४८ जिल्लाका कांग्रेस पार्टी कार्यालय र करिब एक सय २५ जना नेता साथीहरुको निजी घर र डेरामा आक्रमण, तोडफोड, लुटपाट र आगजनी गरिएको सभापति देउवाले जानकारी गराए । नेपालको प्रजातान्त्रिक क्रान्ति, सङ्घर्ष र आन्दोलनका ऐतिहासिक स्थानका रुपमा परिचित विराटनगरस्थित कोइराला निवास, काठमाडौँ चाक्सीबारीस्थित गणेशमानसिंह निवास र ललितपुर बाँडेगाउँस्थित सन्त नेता कृष्णप्रसाद भट्टराईको आश्रम पनि जलाएर खरानी बनाइएको घटनाले झन् मर्माहत बनाएको उनले बताए । नागरिकको जीउधनको सुरक्षा गर्ने जिम्मेवारी बोकेका सुरक्षाकर्मीको हुर्मत लिने, हातहतियार लुट्ने र नागरिकको निजी सम्पतिमाथि तोडफोड लुटपाट र आगजनी गरिएको बताउँदै उनले यी दुबै दिनका घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कानूनी कारबाहीको दायरामा ल्याउन माग गरे ।

## 'निर्वाचनका लागि आवश्यक वातावरण बनाउनुपर्छ'



सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने मिति तोकेको बताउँदै उनले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनको वातावरण तयार हुनुपर्नेमा जोड दिए । 'निर्वाचनका लागि आवश्यक शान्ति सुरक्षा सुनिश्चित गर्ने र शान्तिपूर्ण निष्पक्ष एवम् भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ र सबैले स्वतः स्फूर्तरुपमा निर्वाचनमा भाग लिने अवस्था निर्माण हुन्छ भन्ने कुराको सुनिश्चिता गराउने जिम्मा सरकारको हो,' उनले भने । यसतर्फ सरकारको ध्यान जानुपर्ने बताउँदै उनले सरकारले निर्वाचनका लागि वातावरण बनाउन सकेमा देशलाई पुनः संवैधानिक बाटोमा फर्काउने आधार निर्वाचन हो भन्ने विश्वास व्यक्त गरे ।

बहुदलीय लोकतान्त्रिक व्यवस्थाकावाहक राजनीतिक दलहरुसँग सरकारले सार्थक संवादको वातावरण नबनाएको उल्लेख गर्दै उनले यस अवस्थामा कांग्रेसले अन्य राजनीतिक दलहरुसँग संवाद गरी आगामी योजनाबारे छलफल गर्नुपर्ने आवश्यकता औंल्याए । मुलुकमा सङ्कट आएका बेला त्यसको निकास पनि कांग्रेसले दिनेगरेको विगतको इतिहासलाई आत्मसात गर्दै सबै राजनीतिक दललाई एकमत बनाउनेतर्फ अघि बढ्न उनले आग्रह गरे । आफू किशोर अवस्थादेखि नै राष्ट्रियता, लोकतन्त्र, विधिको शासनका लागि अनवरतरुपमा सङघर्षरत रहेको उल्लेख गर्दै उनले भने, 'म लोकतन्त्रका निमित्त राजनीतिमा होमिदा अहिलेको जस्तो सरल र सहज अवस्था थिएन । धेरै खालका दुःख, कष्ट, जेलनेल खाएर आएको व्यक्ति हुँ । सांसद, मन्त्री, प्रधानमन्त्री वा कांग्रेसको सभापति हुने ध्येयका साथ राजनीतिमा लागेको पनि होइन । मन, वचन र कर्ममा एकै उद्देश्य थियो, राष्ट्र, राष्ट्रियता र लोकतन्त्र ।'

देशमा लोकतन्त्र स्थापना भएका कारण साथीहरुको स्नेह र समर्थनले विभिन्न राजकीय पद प्राप्त गरेको उल्लेख गर्दै सभापति देउवाले आफूले राजनीतिमा निकै आरोह अवरोह व्यहोरेको बताए । देशमा सङ्कट उत्पन्न हुँदा सदैव देश र जनताका पक्षमा दृढतापूर्वक उभिएको उल्लेख गर्दै उनले अझै पनि देश र जनताका लागि समर्पित रहने प्रतिबद्धता व्यक्त गरे ।

## 'राष्ट्रपतिको भूमिकाले अर्को सङ्कट रोकिएको छ'



सभापति देउवाले विगत ८० वर्षमा कांग्रेस नेपालको सबैभन्दा विश्वसनीय, नेपाली जनताको आस्थाको केन्द्र र सबैभन्दा ठूलो र मियो पार्टीका रुपमा रहँदै आएको बताए । उनले कांग्रेसको एकता आजको आवश्यकता भएको बताउँदै देशमा सङ्कट उत्पन्न भएको वर्तमान अवस्थामा हाम्राबीचमा विद्यमान व्यक्तिगत वा समूहगत मतभेद, द्वन्द्व, असहमति सबैलाई थाँती राखेर एकतावद्ध हुनुपर्ने बताए ।

उनले अहिले हाम्रा बीचमा व्यक्तिगत वा समूहगत रुचि–अरुची, हित–अहित वा लाभहानीका सबै विषय गौण भएको बताउँदै पार्टीका सबै साथीहरुलाई विषयवस्तुमा व्यापक छलफल गर्न, एकमतका साथ निर्णयमा पुग्न र ठोस् ढङ्गले निर्णयको कार्यान्वयन गर्न आग्रह गरे ।

सभापति देउवाले गत भदौ २४ गतेको कठिन अवस्थामा महत्वपूर्ण भूमिका खेल्नुभएकामा राष्ट्रपति रामचन्द्र पौडेललाई बैठकमार्फत धन्यवाद दिए । त्यो प्रतिकूल समयमा उनको परिपक्क भूमिकाले मुलुकमा देखा पर्नसक्ने अर्को सङ्कट टरेको उनले उल्लेख गरे । जेन्जी पुस्ताले देशमा सुशासन र भ्रस्टाचारमुक्त वातावरण सुनिश्चित हुनुपर्ने, अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित हुनुपर्ने जायज मागलाई सम्बोधन गरिनुपर्ने उनको धारणा थियो । उनहरुको मुलुकप्रतिको चासो र चिन्ताको सम्बोधन गर्नैपर्ने र यस विषयमा पनि कांग्रेसको बैठकमा छलफल हुने सभापति देउवाले जानकारी दिए ।

यो अकल्पनीय एवम् अमानवीय र त्रासदिपूर्णरुपमा भएको घटना आकस्मिक वा स्वतस्फूर्त भन्दा पनि सुनियोजित र योजनाबद्ध नै थियो भन्ने कुरा घटनापछि बाहिर आइरहेका तथ्यहरुले पुष्टि गर्न थालेका सभापति देउवाले बताए । यसको यथाशीघ्र थप अध्ययन अनुसन्धान गरिनुपर्ने र यो अनुसन्धान कसैलाई तत्कालीन नाफा घाटाभन्दा पनि मुलुकको सर्वोपरी हितलाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने उनले बताए । देशमा सबै महत्वपूर्ण अङ्गहरुको मनोबल गिरेको अवस्थामा देशका सबै अङ्ग वा निकायको मनोवल उच्च राख्ने गरी काम गर्नुपर्ने र अदालत, सुरक्षा निकायलगायत सबै निकायलाई उच्च मनोवल साथ काम गर्न आह्वान गरे ।

## खड्का कार्यवाहक सभापति



उनले आफ्नो स्वास्थ्यका कारणले पार्टीका उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिका रूपमा काम गर्ने गरी तोकेको घोषणा गरे । साथै उनले पार्टीको बृहत्तर हितमा काम गर्ने विश्वास पनि व्यक्त गरे ।

## 'प्रतिष्ठा र छवि गिराउन सुनियोजित रूपमा झुटा प्रचार गरियो'

सभापति देउवाले गत भदौ २४ गते सिङ्गो मुलुक जलेको बेला आफू र आफ्नो परिवारमाथि पनि ज्यानै लिने मनसायले साङ्घातिक हमला गरिएको र घरमा तोडफोड, लुटपाट र आगजनी भएको, सुरक्षाकर्मीको अथक प्रयासपछि उद्धार गरिएको जानकारी गराए । उनले आफू र आफ्नो परिवारले कस्तो त्रासदीपूर्ण भौतिक आक्रमणको सामना गर्नुपरेको र त्यतिले नपुगेर कृतिम बौद्धिकता प्रविधिका माध्यमले आफूहरुको प्रतिष्ठा र छबि गिराउन सुनोयोजित रूपमा झुटा प्रचार गरिएको भनी दुःख व्यक्त गरे ।

'मेरा राजनीतिक जीवनयात्रामा भोगेका विभिन्न कठिन क्षणहरु सम्झदा राष्ट्र, जनता र पद्धतिका लागि वैचारिक अडान लिँदा यस किसिमका अवस्था जुनसुकै बेला पनि आउँन सक्छ केवल सामना गर्ने साहस राख्नुपर्छ भन्ने मेरो मान्यता रहेको छ,' उनले भने, 'यो घटनाक्रम झट्ट हेर्दा म र म जस्तै हाम्रा र अन्य राजनीतिक दलका अनगिन्ती साथीहरु माथिको व्यक्तिगत आक्रमण जस्तो देखिए तापनि समग्रमा हेर्दा देश, पद्धति र पार्टी माथिको आक्रमण नै हो भन्ने मेरो ठहर छ ।'

सभापति देउवाले आक्रमणकारीहरुको कब्जाबाट आफूलाई बचाउने घटनास्थलमा खटिएका सुरक्षाकर्मी तथा शुभचिन्तक सबैलाई धन्यवाद ज्ञापन गर्दै उनहरूको भूमिका जीवनभर स्मरण गरिरहने उल्लेख गरे ।

सभापति देउवाले राष्ट्र, लोकतन्त्र र लोकतान्त्रिक शासन पद्धति गम्भीर सङ्कटमा परेको यस घडीमा पार्टीभित्र एकता कायम राख्नुपरेको बताए । यसलाई ध्यानमा राखी आफ्नो पार्टीको विधानअनुसार तोकिएको समयमा १५औँ महाधिवेशन सम्पन्न गर्ने विषयमा केन्द्रीय समितिले गम्भीर छलफल गरी आवश्यक निर्णय लिने उनको भनाइ थियो । देशमा विद्यमान राजनीतिक परिस्थितिको मूल्याङ्कन गरी निकासमा लागि आवश्यकता अनुसार अन्य राजनैतिक दलहरुसँग पनि वार्ता, संवाद गर्ने उनले बताए ।

## 'मुलुक र जनताका पक्षमा गरेका कामप्रति वर्ग छ'

'मैले कांग्रेसलाई सधैँ सबै जात, क्षेत्र, लिङ्ग र समुदायको नेपाली मौलिकतासहितको पार्टी बनाउने प्रयास गरेँ, चाहे पार्टीभित्र 'कदमजम'को नीति लागू गरेर होस् कि केन्द्रदेखि वडासम्म पार्टीका संरचनाहरुमा आरक्षणको व्यवस्था गरेर अधिकतम् समावेशी बनाउने अभियान नै चलाए । म यस काममा गर्व पनि गर्न चाहन्छु,' सभापति देउवाले भने ।

उनले आफूले छोटो छोटो समयका लागि भए पनि पाँच पटक प्रधानमन्त्री हुने अवसर पाएको र पाँच पटक प्रधानमन्त्री हुँदा करिब एक कार्यकालको समय रहेको स्पष्ट पारे । त्यसमा पनि अधिकांश चुनावी सरकारको नेतृत्व गरेको बताउँदै उनले त्यसका बाबजुद पनि कतिपय क्षेत्रको सुधारमा कोशेढुङ्गाको काम गरेको अवगत गराए । 'सामाजिक कुरीतिको रुपमा रहेको कमैया मुक्ति, छूवाछुतमुक्त नेपालदेखि सामाजिक रुपान्तरणका कतिपय कामको सुरुवात गर्न पाउँदा मलाई गर्व महसुस हुन्छ,' सभापति देउवाले भने, 'नेपालमा भ्रष्ट्राचार निवारणका लागि म प्रधानमन्त्री हुँदा भ्रष्ट्राचार निवारण ऐन २०५९ जारी गरेको हुँ । नेपालमा भूमिमाथिको द्वैध स्वामित्वको अन्त्य गरेर वैज्ञानिक भूमिसुधार लागू गरेको हुँ । यसकै जगमा अहिले हदबन्दी लागू हुनुका साथै द्वैध स्वामित्व अन्त्य भएको हो ।' सभापति देउवाले आफू प्रधानमन्त्री र पार्टी सभापतिका रुपमा काम गर्दा नेपाली जनतालाई र पार्टीलाई केन्द्रमा राखेर नै काम गरेको बताए ।

## 'पार्टी नेतृत्व विधिवत् रुपमा हस्तान्तरण गर्छु'

सभापति देउवाले भने, 'पार्टीको आन्तरिक जीवन, आगामी १५औँ महाधिवेशन र नेतृत्व हस्तान्तरणका सवालहरु उठेका छन् । म साथीहरुलाई के आग्रह गर्न चाहन्छु भने 'घरमा सधैँ एकै जना मूली रहँदैन' पार्टीमा पनि हमेसा एकै जना सभापति रहिरहँदैनन् । जहाँसम्म मेरो विषय छ, मैले पहिले नै हाम्रो वैधानिक व्यवस्थाले र मेरो राजनीतिक इच्छाले १५औँ महाधिवेशनबाट पार्टी नेतृत्व विधिवत् रुपमा हस्तान्तरण गर्छु भनिसकेको छु ।' आगामी १५औँ महाधिवेशनबाट आफूबाहेक अरु कुनै साथी सभापति बन्नुहुने र त्यसमा द्विविधा नभएको उनले स्पष्ट गरे ।

उनले देशको वर्तमान विषम परिस्थितिमा कांग्रेसले आफूलाई एकतावद्ध, सुसङ्गठित बनाउँदै लोकतान्त्रिक व्यवस्थामा आस्थावान अन्य राजनीतिक दलहरुसँगसमेत संवाद र सहकार्य गर्नु आवश्यक रहेको बताए ।

संविधानसभाबाट नेपाली जनताले निर्माण गरेको नेपालको संविधान जोखिममा परेको उल्लेख गर्दै सभापति देउवाले जननिर्वाचित सर्वोच्च संस्था प्रतिनिधिसभा असंवैधानिक तथा अलोकतान्त्रिक तवरले विघटन गरिएको बताए ।

# अर्थतन्त्रको आकार ६१ खर्ब सात अर्ब
# वृद्धिदर ४.६१ प्रतिशत




**काठमाडौँ ।**
गत आर्थिक वर्ष २०८१–८२ मा नेपालको आर्थिक वृद्धिदर चार दशमलव ६१ प्रतिशत र अर्थतन्त्रको आकार रु ६१ खर्ब सात अर्ब २२ करोड बराबर देखिएको छ ।
अर्थ मन्त्रालयले सार्वजनिक गरेको गत आर्थिक वर्षको वार्षिक प्रतिवेदनअनुसार गत आवमा कुल १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ बजेट विनियोजन गरिएकामा १५ खर्ब १२ अर्ब ९८ करोड रुपैयाँ अर्थात् ८१ दशमलव ३३ प्रतिशत खर्च भएको छ ।
चालु खर्चमा ११ खर्ब ४० अर्ब ६७ करोड रुपैयाँ विनियोजन भएकामा नौ खर्ब ५६ अर्ब ३६ करोड रुपैयाँ अर्थात् ८३ दशमलव ८४ प्रतिशत खर्च भएको छ ।
पुँजीगततर्फ तीन खर्ब ५२ अर्ब ३५ करोड रुपैयाँ विनियोजन भएकामा दुई खर्ब २३ अर्ब ९४ करोड रुपैयाँ अर्थात् ६३ दशमलव ५६ प्रतिशत खर्च भएको छ । वित्तीय व्यवस्थातर्फ तीन खर्ब ६७ अर्ब २८ करोड रुपैयाँ विनियोजन भएकोमा तीन खर्ब ३२ अर्ब ६७ करोड रुपैयाँ अर्थात् ९० दशमलव ५८ प्रतिशत खर्च भएको प्रतिवेदनमा जनाइएको छ ।
गत आर्थिक वर्षमा कुल ११ खर्ब ९६ अर्ब १८ करोड ९८ लाख रुपैयाँ राजस्व सङ्कलन भएको छ । जसमध्ये कर राजस्व १० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख रुपैयाँ, गैरकर राजस्व एक खर्ब २८ अर्ब ९४ करोड ४८ लाख रुपैयाँ र अन्य प्राप्ति १७ अर्ब ३६ करोड ९६ लाख रुपैयाँ रहेको अर्थ मन्त्रालयले जनाएको छ । बजेटमा लक्ष्य गरिएको राजस्व सङ्कलन लक्ष्य १४ खर्ब १९ अर्ब ३० करोड ३० लाख रुपैयाँको तुलनामा ८४ दशमलव २८ प्रतिशत राजस्व सङ्कलन भएको हो ।
गत आर्थिक वर्षमा अनुदान २३ अर्ब ५३ करोड रुपैयाँ र ऋण एक खर्ब २५ अर्ब ४० करोड रुपैयाँ गरी कुल एक खर्ब ४८ अर्ब ९३ करोड रुपैयाँ वैदेशिक सहायता प्राप्त भएको छ । गत आवको कुल वैदेशिक सहायतामध्ये अनुदान १५ दशमलव ८० प्रतिशत र ऋण ८४ दशमलव २० प्रतिशत बराबर हो ।
घाटा बजेट परिपूर्तिका लागि गत आवमा सरकारले तीन खर्ब २९ अर्ब ९९ करोड रुपैयाँ आन्तरिक ऋण एक खर्ब २५ अर्ब ४० करोड रुपैयाँ बाह्य ऋण गरी कुल चार खर्ब ५५ अर्ब ३९ करोड रुपैयाँ बराबरको सार्वजनिक ऋण परिचालन भएको छ । रासस

# झापामा सयपत्री फूलको माग बढ्यो



**झापा ।**
फूलहरूको पर्वका रूपमा रहेको नेपालीहरूको दोस्रो ठूलो चाड तिहार नजिकिएसँगै सयपत्री फूलको माग बढ्न थालको छ । तिहारमा लक्ष्मी पुज्न, घर सजाउन र दाजुभाइलाई लगाउनका साथै जिल्लामा हुने हरेक कार्यक्रममा अतिथिलाई सयपत्री फूलको माला लागाइदिने प्रचलन सुरु भएसँगै माग बढेको हो।
विर्तामोड नगरपालिका–७ का फूल किसान विवेक साहले तिहारका लागि दैनिकजसो माग गर्नेको संख्या बढिरहेको बताए । उनले भिनाजु दीपक साहसँगको समन्वयमा दुई बिघा जमिन भाडामा लिएर फूलको व्यावसायिक खेती गर्दै आएका छन । सयपत्री फूलको ८० हजार बिरुवा रोप्नुभएका साहले हाल दैनिक ३०० माला बिक्री गर्दै आएको बताए। उनले फूल टिप्ने र माला बनाउने काममा स्थानीयलाई रोजगारी प्रदान गरेका छन।
‘तिहारका लागि धमाधम माग आइरहेका छन’, साहले भने, ‘गत हप्ता आएको अविरल वर्षाले करिब १० हजार माला हुने फूल नष्ट ग¥यो । मागअनुसार पुऱ्याउन सक्छु कि सक्दिन चिन्ता थपिएको छ ।’
उनको ढकमक्क फूलेको फूल टिप्न नपाउँदै पानीले नष्ट गरिदिएको थियो।
उनले हाल दैनिक दुईदेखि ३०० माला बिक्रीका लागि विर्तामोड, दमक र विराटनगरका व्यापारीलाई पढाउँदै आएको बताए । उनको फूलबारीमा टिकटक बनाउने र भिडियो खिच्ने स्थानीयवासीको भीड लाग्ने गरेको छ।
साहले प्रतिमाला ५० रुपैयाँ का दरले बिक्री गर्दै आएको जानकारी दिए । हालसम्मको मूल्य रु ५० भए तोकिए पनि तिहारमा अवस्था हेरेर मूल्य कायम गरिने उनको भनाइ छ। ‘हेर्दै रहर लाग्ने गरी फूल फुलेको छ’, उनले भने, ‘बाढीले क्षति गरे पनि लगानी उठाउन सक्छु कि भन्ने आँट छ।’
उनका अनुसार एकपटक लगाएको सयपत्री फूल तीन पटकसम्म टिप्न मिल्छ । उनले एकपटकको टिपाइबाट २० हजार बढी माला हुने बताए। उनले तिहारमा एक लाख माला हुने फूल उत्पादन गरेर बिक्री गर्ने लक्ष्य राखेको भन्दै पानीका कारण लक्ष्य पूरा नहुनेमा चिन्ता व्यक्त गरे ।पहिलोपटक फूलखेती गर्नुभएका साहले भने, ‘फूल फलाउनु मात्र पर्दोरहेछ, ग्राहकको अभाव नहुने रहेछ। यसपटकबाट पाठ सिकेर आगामी दिनमा अझ व्यवस्थित गरेर थप खेती बढाउँछौँ ।’ यसैगरी, विर्तामोड नगरपालिका–९ मा सुष्मा पौडेलले पनि सात कठ्ठा जमिनमा सयपत्री फूलको खेती गरेका छन। उनले केही फूल दशैँमा बिक्री गरिसकेको बताए। उनको बारीमा ढकमक्क फूलको सयपत्रीमा पनि पानीका कारण क्षति पुगेको छ।
‘तिहारका लागि साचेर राखेको करिब दुई लाख ५० हजार रुपैयाँ को फूल पानीका कारण नष्ट भयो’, पौडेलले भने, ‘धेरै माग आएको थियो अब पु¥याउन सक्ने स्थिति छैन।’ उनले पछिल्लो समय हरेक कार्यक्रममा खादाको सट्टा सयपत्री फूलको मालाको प्रयोग बढेसँगै माग बढेको बताए।
उनले विगत पाँच वर्षदेखि व्यावसायिक रुपमा फूलखेती गर्दै आएका छन । जिल्लाको विर्तामोड, बाहुनडाँगी, गौरादहलगायत स्थानमा सयपत्री फूलको व्यावसायिक खेती हुन थालेको छ।रासस



**फूल टिप्दैः** सिरहाको लहान नगरपालिका–३ का किसान मङ्गलबार तिहारलक्षित सयपत्री फूल टिप्दै । तिहार नजिकिँदै गर्दा फूलको मागसँगै उत्पादन र व्यापार दुवै बढेको छ । तस्बिरः रासस

# तिहारका लागि मादल बनाउन भ्याइनभ्याइ



**कञ्चनपुर।**
तिहार नजिकिँएसँगै कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका–३ का रेशम वादीको मादल बनाउने काममा व्यस्तता बढेको छ । अन्य समयमा घरेलु जुत्ता उद्योग सञ्चालन गरेर जीविकोपार्जन गर्ने उनले दशैँ, तिहारको समयमा मादल बनाउने गर्छन्।
नेपाली सांस्कृतिक चाडपर्वमा विशेष स्थान ओगटेको मादल देउसीभैलो, नाचगान र सांस्कृतिक कार्यक्रमको प्रमुख बाजा भएकाले तिहार नजिकिँदै गर्दा मादलको माग बढेको वादीले बताए। ‘दशैँ र तिहारको समयमा मादल बनाउने माग बढी आउने गरेको छ, विशेषगरी तिहारको समयमा मादलको बिक्री हुन्छ’, उनले भने, ‘तिहारका मागअनुसार मादल पु¥याउन पनि सकिँदैन ।’ तिहारमा मादल बिक्रीबाट ४० हजार रुपैयाँ सम्म आम्दानी हुने गरेको उनले उल्लेख गरे।
केही वर्षअघिसम्म तीजमा पनि मादलको माग बढी आउने गरेको भए पनि पछिल्लो समय आधुनिक प्रविधिको बढ्दो प्रयोगले तीजमा मादल बिक्री हुन छोडेको वादीले बताए । ‘दुई–तीन वर्षअघिसम्म तीजमा मादलको माग उच्च थियो, अहिले तिहारमा मात्रै खोजी हुन्छ’, उनले भने, ‘मादल बनाएको सानो र ठूलोको दुई हजारदेखि १२ हजारसम्म बिक्री हुन्छ।’

कच्चा पदार्थ नपाउँदा समस्या

वाद्यवादनका सामग्री बनाउनु वादी समुदायको पुख्यौली पेसा हो।
पछिल्लो समय वाद्यवादनका सामग्री बनाउन कच्चापदार्थ पाउन कठिन भएपछि पेसा नै सङ्कटमा पर्न थालेको दोधारा चाँदनी–३ का वादीले जानकारी दिए । ‘बाजेबुबाले वाद्यवादनका सामग्री बनाएर जीविकोपार्जन गर्नुभयो, अहिले कच्चापदार्थ रूपमा आवश्यक पर्ने छाला र काठ (खमारी) नपाउँदा समस्या हुन्छ’, उनले भने।
मादलमा बाख्राको छालाको प्रयोग हुने बताउँदै भारतीय छिमेकी शहरमा छाला पाइने भए पनि नाकामा सुरक्षाकर्मीले ल्याउन रोक लगाउने गरेकाले समस्या हुने वादीको अनुभव छ । छाला र खमारी सहज रूपमा नपाइने भएकाले पछिल्लो समय नयाँ मादल बनाउनेभन्दा पनि मादल मर्मतका लागि आउने सेवाग्राही बढी हुने गरेका उनले बताए।
उनका अनुसार भारतीय बजारमा एउटा छालाको एक हजार रुपैयाँ सम्ममा खरिद गर्न पाइन्छ। ‘यहाँ छालाका लागि हामीले बाख्रा किन्नुपर्छ त्यो अत्यन्त महँगो हुन्छ, छाला मात्रै पाउँदैन’, उनले भने, ‘भारतीय शहरमा पाइन्छ सीमानाकामा ल्याउन पाइँदैन।’
वादी समुदायको मुख्य पेसा मादल, ढोलक र दामाहा बनाएर बिक्रीवितरण गर्नु हो। विभिन्न पर्वमा नाचगान गरेर जीविकोपार्जन गर्ने यो समुदायले बढ्दो आधुनिकतासँगै पुख्यौली पेसा सङ्कटमा पर्दै गएको बताउँछन्।रासस

# ‘अपरिहार्य’ शान्ति मिसन बजेट अभावले सङ्कटमा

**अमेरिका।**
संयुक्त राष्ट्रसङ्घका शान्तिरक्षा प्रमुख जीन–पियरे ल्याक्रोइक्सले मङ्गलबार बजेट कटौतीका कारण विश्वभरका शान्तिरक्षकहरूले निर्वाह गर्दै आएको ‘अपरिहार्य’ भूमिकामा गम्भीर चुनौती उत्पन्न भएको चेतावनी दिएका छन्। उनले यसको प्रत्यक्ष असर सेनाको संख्यामा कमीका रूपमा देखिँदै गरेको बताएका छन्।
ल्याक्रोइक्सले नयाँदिल्लीमा आयोजित ३२ वटा संयुक्त राष्ट्र सेना–योगदान गर्ने मुलुकका प्रतिनिधिहरूको बैठकमा भने, ‘हामीसँग यी कटौतीहरू लागू गर्नेबाहेक विकल्प छैन । केही सदस्य राष्ट्रले आंशिक भुक्तानी नगरेकाले यस्तो स्थिति आएको हो।’
उनले अन्तर्राष्ट्रिय समुदाय अहिले विभाजित रहेको र फलस्वरूप विश्वका सङ्कटहरूको सामूहिक प्रतिक्रिया दिने मनस्थिति कमजोर बन्दै गएको बताए । संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले यसै महिनाको शुरुमा शान्तिरक्षा बजेटमा १६–१७ प्रतिशतको कमी आएको जानकारी दिएका थिए । यो मुख्य रूपमा अमेरिकाको सहायता कटौतीसँग जोडिएको हो। यसका कारण हाल सञ्चालनमा रहेका ११ वटा शान्ति मिसनमध्ये नौ वटा मिसनमा २५ प्रतिशत सेनाको कटौती हुने भएको छ।
सन् २०२५–२०२६ को शान्ति अभियानका लागि पाँच अर्ब ४० करोड डलरको बजेटमा अमेरिकाले करिब एक अर्ब ३० करोड डलर सहयोग गर्ने अपेक्षा गरिएको थियो, तर हाल उसले रकमको करिब आधा अर्थात् ६८ करोड २० लाख डलर मात्रै प्रदान गर्ने जनाएको छ। यसमा हाइटीमा सञ्चालनमा ल्याइएको नयाँ अन्तर्राष्ट्रिय गिरोहविरोधी मिसनका लागि छुट्टै आठ करोड ५० लाख डलर पनि समावेश गरिएको छ । यो मूल बजेटमा थिएन।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लामो समयदेखि अन्तर्राष्ट्रिय संस्थाहरूले अमेरिकाको फाइदा उठाएको भन्दै विदेशी सहायता कटौतीको नीति अघि सारेका छन्।
‘हामीलाई थाहा छ, सैयौँ हजार नागरिकका लागि शान्तिरक्षकहरूले जीवन र मृत्युको बीचमा अन्तर ल्याएका छन् । उनीहरूले युद्धविरामको निगरानी गर्छन्, राष्ट्रिय क्षमताहरू निर्माणमा सहयोग पुऱ्याउँछन् र शान्ति स्थापनामा निर्णायक भूमिका खेल्छन् । उनीहरूको भूमिका साँच्चै अपरिहार्य छ,’ ल्याक्रोइक्सले शान्तिरक्षा अभियानले दशकौँदेखि अनेक देशहरूमा स्थायित्व कायम गर्न ठूलो योगदान पु¥याएको बताउँदै भने, ‘बजेट कटौती भइरहेका बेला विश्वको समग्र सुरक्षा परिदृश्य झन् बिग्रिँदै गएको छ । हामी जलवायु परिवर्तनको प्रभाव, विश्वव्यापी आतङ्कवाद र डिजिटल प्रविधिका नकारात्मक पक्षजस्ता नयाँ खालका चुनौतीहरूको सामना गरिरहेका छौँ।’
बैठकको आयोजना भारतले गरेको हो । भारत संयुक्त राष्ट्रसङ्घको शान्तिरक्षण मिसनमा सबैभन्दा ठूलो योगदानकर्तामध्ये एक हो।
भारतका सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीले पनि कोषको अभावले शान्तिरक्षा मिसनहरूलाई पुनः परिभाषित गर्नुपर्ने बताउँदै भने, ‘संयुक्त राष्ट्रसङ्घका मिसनहरूका लागि सीमित बजेट अब एक स्थायी वास्तविकता बन्नेछ । त्यसैले भविष्यका मिसनहरूमा भूमिमा कम बुटहरू र प्रविधि तथा नवीनतामा बढी निर्भरता रहनेछ।’

# राष्ट्र बैंकले तीन अर्ब ३० करोड लगानी गर्ने

**काठमाडौँ।**
नेपाल राष्ट्र बैंकले उपदान तथा पेन्सन कोषमा रहेको तीन अर्ब ३० करोड रुपैयाँ बराबरको रकम बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ।
केन्द्रीय बैंकले सूचनामार्फत ३६६ दिनका लागि उक्त रकम लगानी गर्न लागिएको जानकारी दिएको छ।
राष्ट्र बैंकले क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थामा उक्त रकम लगानी गर्न लागिएको जनाएको छ।
बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा भएको, बैंकबाट तोकिएको न्यूनतम कूल पुँजीकोष कायम रहेको, निष्क्रिय कर्जा कूल कर्जा सापटीको आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेको हुनुपर्ने शर्त पूरा गरेको हुनुपर्ने जनाइएको छ।
बैंक तथा वित्तीय संस्थाले यही असोज ३० गते आफूले लिन चाहेको र उक्त रकम लिनका लागि प्रस्ताव गरिएको व्याजदरसमेत तोकेर आवेदन दिनुपर्ने सूचनामा उल्लेख छ ।रासस



**महादेव मन्दिर परिसरमा रहेको १०८ धाराः** लमजुङको मध्यनेपाल नगरपालिका–७ करापुटारामा ईशानेश्वर महादेव मन्दिर परिसरमा रहेको श्रद्धालु भक्तजनहरू शिवको पूजा आराधनापश्चात् नुहाउने १०८ धारो । तस्बिरः रासस

# भुम्लुमा ५३१ ले पाए जग्गाधनीपुर्जा

**काभ्रेपलाञ्चोक।**
काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिकाको दुई वडामा करिब पाँच दशकअघिदेखिको (जग्गाधनी पुर्जा) लालपुर्जाको समस्या समाधान हुँदै गएको छ। उनीहरूले ५० वर्षपछि लालपुर्जा पाएका हुन्।

हालसम्म पाँच सय ३१ प्रिवारले पुर्जा पाएको जिल्ला नापी कार्यालयले जनाएको छ । लालपुर्जाविहीन भुम्लुवासीलाई जिल्लास्थित नापी कार्यालय तथा मालपोत कार्यालयको पहलमा प्रक्रिया पुर्याएर औपचारिक रूपमा गत भदौदेखि वितरण गर्न थालिएको हो । उनीहरूलाई गत भदौ ३ गते तत्कालीन भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले लालपुर्जा बितरणको सुरुआत गरेका थिए। विसं २०३२ देखि गाउँपालिकाको (तत्कालीन भुम्लु र फलाँटे गाविस) हालका दुई वडाका बासिन्दा विविध कारण लालपुर्जाको पर्खाइमा थिए।

प्रारम्भिक चरणमा भुम्लु गाउँपालिका–७ र ८ का चार सय ३१ जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको थियो । कार्यालयका अनुसार त्यतिबेला वडा नं ७ का एक सय ८५ र वडा नं ८ मा दुई सय ४६ गरी चार सय ३१ जग्गाधनीलाई जग्गाधनी पुर्जा वितरण गरिएको हो । त्यसयता एक सय लालपुर्जा तयार भई वितरण भइरहेको नापी कार्यालयका प्रमुख अशोककुमार भुसालले बताए । उनका अनुसार 'फिल्ड' कार्यालयमार्फत प्रमाण पुर्याएर लालपुर्जा बितरण भइरहेको हो । आवश्यकतानुसार तीनदेखि छ जना कर्मचारीले 'फिल्ड'मा काम गरिरहेको भुसालको भनाइ छ।

समस्या समाधनका लागि जिल्लस्थित नापी कार्यालयले २०७१ साल जेठ २५ गतेदेखि स्थानीय तहमा नापी टोली खटाई काम गरिरहेको थियो । काभ्रेपलाञ्चोकका तत्कालीन सांसद एवम् मन्त्री गोकुल बाँस्कोटाले २०७६ साल मङ्सिर २० गते भुम्लु गाउँपालिकामा फिल्ड कार्यालयको उद्घाटन गरेका थिए । कार्यालयले नापी टोली खटाएको ११ वर्षपछि भने स्थानीय जग्गाधनीले आफ्नो जग्गाको लालपुर्जा पाएका हुन्।

कार्यालयका अनुसार वडा नं ७ मा तीन सय र ८ मा छ सय लालपुर्जा बनाउनुपर्ने देखिएको छ । घटनाक्रमअनुसार साविकको पिपलटार गाविस हुँदादेखि नै कमाई गर्दै आइएको 'टार' भन्ने खेतीयोग्य जमिन पिपलटार गाविस फुट्दा भुम्लुटार र फलाँटे गाविस दुवैमा परेपछि त्यो खेतीयोग्य जमिन कुन गाविसले लिने भन्ने विषयमा विवाद हुँदा २०३२ सालमा नापी गर्न गएको टोली र दुई गाविसका नेतृत्वको विवादका कारण नापी टोली फर्किएपछि स्थानीयले लालपुर्जा पाउन सकेका थिएनन् । विसं २०३५ मा नापी टोली पुनः उक्त गाविसमा नापीका लागि जाँदा जग्गाको विषयमा विवाद चर्किएपछि नापी टोली काम नगरी फर्किएको थियो ।कार्यालयले लालपुर्जा विरतण गरेपछि जग्गासम्बन्धी सबै श्रेस्ता मालपोत कार्यालय, नक्सा, फिल्ड बुकहरू नापी कार्यालयमा ल्याई जग्गा प्रशासनको नयाँ काम सुरु हुने जनाएको छ । केही जग्गाधनीले आफ्नो जग्गाको 'लगत–भिड्ने' आवश्यक कागजात नल्याउँदा भने काम गर्न केही समस्या भइरहेको भुसालले बताए। यस्तै तत्कालीन समयमा उक्त स्थानमा बसेका नागरिक बसाइँसराइ एवम् केहीले तिरो तिरेको आधारमा जग्गा बिक्री गरेकाले थप समस्या देखिएको जनाइएको छ।

यस स्थानमा लालपुर्जाको समस्या वर्षौँसम्म समाधान नभएपछि पटकपटक समस्या समाधान अध्ययन समितिसमेत गठन गरिएको थियो भने कयौँपटक सरकारीस्तरबाट 'फिल्ड भिजिट र अनुगमन–निरीक्षण' गर्दा पनि यसअघि कुनै निकास निस्कएको थिएन । गाउँपालिकामा आएका निवदेन छानबिन गर्दा प्रारम्भिक चरणमा करिब एक हजार परिवार समस्यामा रहेको देखिएको कार्यालयले जनाएको छ। रासस

# ऊर्जा दक्षता प्रवर्द्धन गर्ने उद्योगलाई अनुदान वितरण



**काठमाडौँ।**
दिगो औद्योगिक विकासलाई अघि बढाउने प्रतिबद्धता कायम राख्दै, राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम–नेपालमा दिगो ऊर्जामार्पmत पुनः प्राप्ति एवम् सशक्तिकरण परियोजनाअन्तर्गत सफलतापूर्वक ऊर्जा दक्षताका उपायहरू लागू गरेका दोस्रो चरणका उद्योगहरूलाई आर्थिक अनुदान वितरण गरेको छ।

मंगलबरा आयोजित कार्यक्रममा दोस्रो चरणमा १३ उद्योगलाई चार करोड रुपैयाँ भन्दा बढीको अनुदान प्रदान गरिएको थियो। विस्तृत ऊर्जा 'अडिट'मार्फत पहिचान गरिएका ऊर्जा बचत उपायहरूको सफल कार्यान्वयनपछि यो अनुदान वितरण गरिएको हो । यी उपायहरूबाट वार्षिक १२ लाख ३५ हजार ५ सय ४४ किलोवाट घण्टा ऊर्जा बचत भई वार्षिक चार करोड ७७ लाख ५८ हजार १६ रुपैयाँ भन्दा बढी खर्च कटौतीमा योगदान पु¥याउँदै नेपालको जलवायु लक्ष्य र दिगो आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिने बताइएको छ।

अनुदान पाउने उद्योगहरूमा कृषि प्रशोधन, औषधि र डेरी उद्योगलगायत विभिन्न क्षेत्रका उद्योगहरू रहेका छन्। सबैभन्दा ठूलो अनुदान १० मिलियन रुपैयाँ प्राप्त गर्ने एजी हेल्थ इन्डस्ट्रिजले दुई प्रमुख ऊर्जा दक्षता उपायहरू लागू गरेको छ, जसमा म्यानुअल प्याकेजिङ मेसिनको प्रतिस्थापन पनि समावेश छ। कम्पनीको आफ्नो ४० मिलियन रुपैयाँ भन्दा बढीको लगानीबाट वार्षिक १० मिलियन रुपैयाँ भन्दा बढी बचत हुने अपेक्षा गरिएको छ, जसले ऊर्जा दक्षता नवप्रवर्तनको बलियो व्यावसायिक उदाहरण प्रस्तुत गरेको जनाएको छ।

कार्यक्रममा सीताराम गोकुल मिल्क्स काठमाडौँ प्रालिका प्रबन्ध निर्देशक सुमित केडियाले ऊर्जा खर्च कुल सञ्चालन लागतको करिब ३०–३५ प्रतिशत रहेको र यस प्रकारका पहलहरूले उद्योगहरूलाई चेतनाभन्दा वास्तविक क्रियाकलापतर्फ लैजान सहयोग पु¥याने बताए। एरो फार्मास्युटिकल्स प्रालिका प्रबन्ध निर्देशक डा पङ्कज तिवारीले ऊर्जा अडिट प्रक्रियालाई प्रकाशमय रहेको, जसले ऊर्जा अधिकतम् प्रयोग गर्ने नयाँ तरिकाहरू र अन्तरराष्ट्रिय सुरक्षा तथा मापदण्डहरूको पालना गरिएको उल्लेख गरे।

युरोपेली सङ्घ, नेपालका रञ्जन प्रकाश श्रेष्ठले परियोजनाको सहयोगपछि पनि ऊर्जा दक्षतासम्बन्धी आफ्नो प्रयास निरन्तर जारी राख्न प्रेरित गरेको बताए । वाणिज्य बैङ्कका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमन खनालले उद्योगहरूलाई राष्ट्रिय प्रयासमा योगदान पु¥याएकामा प्रशंसा गर्दै यस किसिमको सहयोगबाट नेपालको ऊर्जा भविष्यमा दीर्घकालीन प्रभाव पार्ने बताए। परियोजनाका लागि ग्रिन ऊर्जावित्त विशेषज्ञ राजीवमङ्गल जोशीले यो पहलले नेपालको दिगो औद्योगिक अभ्यासलाई प्रवद्र्धन गर्न, वातावरणीय मापदण्डहरू पालना गर्न तथा मर्यादित श्रम अभ्यासहरूलाई प्रोत्साहन गर्न सहयोग पु¥याउने विश्वास गरिएको उल्लेख गरे।

युरोपेली सङ्घ तथा जर्मन सरकारको सहआर्थिक सहयोगमा, रिप–ग्रिन परियोजनाअन्तर्गत सञ्चालन भइरहेको यस अनुदान कार्यक्रमले उच्च प्रभावकारी ऊर्जा दक्षता पहलहरूलाई कार्यान्वयन गर्न आंशिक आर्थिक सहयोग प्रदान गर्दै आएको छ। अनुदान सहयोगमा कार्यान्वयन गरिएका उपायहरूबाट प्राप्त उपलब्धिहरूले भावी दिनमा सार्वजनिक तथा निजी क्षेत्रका कार्यक्रमहरूमा ऋण वा मिश्रित वित्तीय प्रणालीमार्फत लगानी प्रवाह गर्न सकिने सम्भावनाको नमूना प्रस्तुत गर्ने सो अवसरमा जानकारी दिइयो। यसबाट थप उद्योग र उद्यमहरूले ऊर्जा दक्ष उपायहरू अवलम्बन गर्न प्रोत्साहन पाउनेछन् र दिगो विकासमा योगदान पु¥याउने छन्। रासस

# सञ्चालन हुन थाल्यो बेनी–दरवाङ सडक

**म्याग्दी।**
जिल्लाको पश्चिमी क्षेत्रमा रहेका तीनवटा स्थानीय तहलाई सदरमुकाम बेनीबजारसँग जोड्ने बेनी–दरवाङ सडक मर्मत भएको छ।

बर्खा रोकिएपछि सडकमा खसेको पहिरो पन्छाएर फराकिलो बनाएपछि बेनी–दरवाङ सडकमा यात्रुवाहक बस र मालवाहक सवारीसाधन सञ्चालन हुन थालेका छन्।

पूर्वाधार विकास कार्यालयले फापरखेत, लाम्पाटा, पानाबगर र बाङ्गेपहिरोमा सडक मर्मत गरेको जनाएको छ । कार्यालयका सुपरभाइजर राम्जी आचार्यले बर्खा रोकिएपछि सडक मर्मत गरेर ठूला सवारीसाधन सञ्चालन गर्न मिल्ने बनाएको बताए।

सडकमा पहिरो खसेर साँघुरिएको थियो । पहिरो पन्छाएर सडकलाई फराकिलो बनाएर दुईतर्फी सवारीसाधन सञ्चालन हुने बनाइएको सुपरभाइजर आचार्यले बताए। धवलागिरि, मालिका र मङ्गला गाउँपालिकालाई सदरमुकाम बेनी बजारसँग जोड्ने २४ किलोमिटर दूरीको बेनी–दरवाङ सडकमा गत असारदेखि ठूला सवारीसाधन सञ्चालन हुनसकेका थिएनन्।

यो सडक बागलुङको तमानखोलाका बासिन्दाले पनि प्रयोग गर्छन् । पहिरो खसिरहने भएकाले बेनी–दरवाङ सडकको यात्रा कष्टपूर्ण र जोखिमयुक्त बनेको थियो। बर्खायाममा जीप, ट्याक्सी, माइक्रोबस, मोटरसाइकल र ट्र्याक्टर चलेका सडकमा मर्मत भएपछि बस तथा ट्रक सञ्चालन हुन थालेका छन्।

म्याग्दी मालिका यातायात प्रालिका सञ्चालक अर्जुन आचार्यले सडक सुधार भएपछि दरवाङदेखि काठमाडौँ र काठमाडौँदेखि दरवाङ रात्रिबस सञ्चालन गर्न थालिएको बताए । म्याग्दी नदीमा निर्माणाधीन चारवटा जलविद्युत् आयोजना, सडक, भवन, खानेपानी, पुल, प्रसारण लाइन, सबस्टेशन आयोजनाका निर्माण सामग्री ढुवानी गर्न पनि सहज भएको छ।

पूर्वाधार विकास कार्यालयमार्फत स्तरोन्नतिको अन्तिम चरणमा रहेको बेनी–दरवाङ सडकको विभिन्न ठाउँमा रहेका पहिरोको दीर्घकालीन रोकथाम नहुँदा बर्खायाममा पश्चिम म्याग्दीको यातायात सेवा प्रभावित हुने गरेको छ।रासस

# पर्यटक प्रवर्द्धनका लागि फल्चा निर्माण

**गुल्मी।**
गुल्मीको सदरमुकाम तम्घासमा पर्यटक प्रवद्र्धनका लागि फल्चा निर्माण गरिएको छ । पछिल्लो समय काठमाडौँसहित देशका प्रमुख सहरमा फल्चा निर्माण भइरहेकाबेला गुल्मीमा पनि पर्यटक र यात्रुका लागि दुई वटा फल्चा निर्माण गरिएको हो। रेसुङ्गा नगरपालिकाको सहयोगमा तम्घासको बसपार्क नजिकै र भगवती मन्दिरमा फल्चा निर्माण गरिएको हो । जिल्लाका लागि फल्चा नयाँ संरचना हो। पहाडी जिल्लामा पनि पुराना संरचना पौवाहरू भए पनि अहिले नयाँ ढङ्गले प्रतीक्षालयका रूपमा फल्चा निर्माण हुँदै आएका रेसुङ्गाका नगरप्रमुख खिलध्वज पन्थीले बताए। उनका अनुसार तम्घासमा भने कारागारका कैदीबन्दीको काष्ठकला प्रयोग गरेर निर्माण गरिएको छ । 'बसपार्क नजिक इन्द्रवीर थापाले निर्माण गरेको १५० वर्ष पुरानो इन्द्र पौवा थियो। यो पौवा जीर्ण भएपछि सोही ठाउँमा अहिले फल्चा निर्माण गरिएको छ', उनले भने।

यो पौवाको गरिमाको विषयमा केही आलोचना भए पनि आधुनिकताका नाममा पुराना कला र संस्कृति लोप हुँदै गएपछि पौवाको ठाउँमा फल्चा निर्माण गरिएको नगरप्रमुख पन्थीले बताए । कैदीबन्दीको सीपको प्रदर्शन र स्थानीय सामग्रीको उपयोगबाट पुरानै काष्ठकलामार्फत फल्चा निर्माण गरिएको जनाउँदै उनले गत वर्ष एउटा र अहिले दुई वटा फल्चा निर्माण थालिएको उल्लेख गरे।

ट्राफिक कार्यालय अगाडि निर्माण भएको फल्चाका कारण पैदलयात्री तथा ट्राफिक कार्यालयमा आएका सेवाग्राहीलाई फल्चा विश्रामस्थल बनेको छ। काष्ठकलामा निकै अब्बल कैदीबन्दीका सामग्री पछिल्लो समय सरकारी तथा गैरसरकारी थुप्रै संरचनामा प्रयोग हुँदै आएका छन्। नगरले काफलपानी निर्माण सेवामार्फत कैदीबन्दीले निर्माण गरेको काष्ठ सामग्री फल्चामा प्रयोग गरेको हो। दुई वटा फल्चा १०÷१० लाखको लागतमा निर्माण भएको नगरपालिकाले जनाएको छ।

गुल्मी कारागारका चौकीदार हरि थापाले आफूहरूले बाहिर निर्माण गर्दा लाग्ने लागतको ५० प्रतिशत कममा फल्चासहितका पूर्वाधारमा काम गरेको बताए । पछिल्लो समय कारागारमा काष्ठकला र फर्निचरको काममा हुँदै आएको छ । वार्षिक तीन करोड ५० लाख रुपैयाँ भन्दा बढीको कारोबार हुने कारागारबाट कैदीबन्दीले न्यूनतम सात हजार रुपैयाँ देखि ४५ हजार रुपैयाँ सम्म कमाउने गरेका उनले जानकारी दिए।

थापाले विद्यालय, मन्दिर, गाउँपालिका भवन, सभाहललगायत ठाउँमा कारागारको सीप प्रयोग भएको बताए। उनले भने, 'फल्चामा पनि उत्कृष्ट मेहनत गरेका छौँ। सस्तो र गुणस्तरीय भएकाले फल्चाबाहेक थुप्रै सरकारी संरचनामा कैदीबन्दीको सीप पुगेको छ।'

'कारागारमा सबैभन्दा बढी मूल्यपर्ने अष्टनागको आकृतिसहित सालको काठको चौकोश निर्माण हुन्छ। जसको मूल्य आठ लाख रुपैयाँ पर्दछ। एउटा चौकोश निर्माण गर्न तीन जना जनशक्तिले एक महिनामा काम गर्नुपर्छ । त्यस्तै, भक्तपुरे आँखी झ्याल, फोटो फ्रेम, दराज टेबलसहितका आवश्यक सबै फर्निचर सामग्री निर्माण गर्ने गरिएको छ', थापाले भने।

त्यस्तै, नेपालको प्रसिद्ध धाम रुरुक्षेत्रमा भरतपुर महानगरपालिका र रुरुक्षेत्र गाउँपालिकाको साझेदारीमा आकर्षक फल्चा निर्माण गरिएको छ। रुरु क्षेत्र गाउँपालिका–१, रिडीमा फल्चा निर्माण गरिएको हो। नीलकण्ठ कन्स्ट्रक्सनले ३२ लाख २६ हजार ८९१ रुपैयाँ को लागतमा फल्चा निर्माणको सम्झौता गरेर फल्चा निर्माण गरेको गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले जानकारी दिए । रुरुक्षेत्र गाउँपालिका र भरतपुर महानगरपालिकाबीच भगिनी सम्बन्ध गाँसिएको छ । सोही सम्बन्धका कारण रुरुक्षेत्र गाउँपालिका र भरतपुर महानगरपालिकाबीच ५०–५० प्रतिशत रकम साझेदारीमा रिडीमा फल्चा, विष्णु मूर्तिसहितका पर्यटकीय संरचना निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष ज्ञवालीले बताए । रिडी बजार र कालीगण्डकी तटीय क्षेत्रलाई केन्द्रमा राखेर संरचना निर्माण तथा पुराना संरचना संरक्षण एवम् लामाचौपारीमा ठूलो मन्दिर निर्माण कार्यसमेत अगाडि बढाइएको उनले जानकारी दिए।

अध्यक्ष ज्ञवालीले रुरुक्षेत्र धाम आफैँमा प्रसिद्ध भए पनि आवश्यक पर्यटकीय संरचना निर्माणको काममा आफूहरूले चासो दिएको बताए। फाल्चा निर्माणसँगै यात्रुलाई आश्रम लिन सहज हुनुका साथै मौलिक सीपबाट बनाइएकाले हाम्रा सम्पदाको प्रचारप्रसार हुने उनले विश्वास व्यक्त गरे। यो पर्यटन प्रवद्र्धनका लागि पनि महत्त्वपूर्ण कदम हुने उनको भनाइ छ।रासस



# गान्धी आश्रमलाई अन्तर्राष्ट्रिय मान्यता दिलाइने




**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**

जनकपुरधाम–२४ स्थित बसहिया गान्धी आश्रमलाई विश्वव्यापी मान्यता दिन पहल गरिने भएको छ । नेपालमा यो सम्पदाको संरक्षण जरुरी रहेको बताइएको छ । प्रसिद्ध गान्धीवादी तथा हरिजन सेवक संघका अध्यक्ष तथा इन्डियन ट्रेडिस्नल हेल्थ आर्गेनाइजेशनका अध्यक्ष शंकर कुमार सन्यालले बसहिया गान्धी आश्रम अवलोकन भ्रमणपछि पत्रकारहरूसँग यसको संरक्षण र प्रचारबारे बताए ।

उनले भने, 'यो दुःखद छ कि भारतको छिमेकी देश नेपाल, जससँग हामी घनिष्ठ सम्बन्ध राख्छौँ, त्यहाँ महात्मा गान्धीको एउटा पनि मूर्ति छैन ।' सन्यालले थपे, 'गान्धीजीका शिष्य तुलसी मेहर श्रेष्ठ, जो साबरमती आश्रममा गान्धीसँग छायाजस्तै बस्थे, काठमाडौँ सरेर सात दशकअघि बसहिया गाउँमा गान्धी आश्रम स्थापना गरे, यहाँ खादीका बस्त्र उत्पादन भइरहेको थियो । सयभन्दा बढीलाई रोजगारी दिइएको थियो । स्वर्गीय महेन्द्र नारायण निधि, गणेशमान सिंह र गजेन्द्र नारायण सिंहलगायत नेपालका गान्धीवादी नेताले बसहिया गान्धी आश्रममा उत्पादित खादीको लुगा लगाएका थिए ।'

धेरै भारतीय मन्त्री, गभर्नर र भारतीय राजदूतले आश्रम भ्रमण गरेका छन् र गान्धी र उनका शिष्य तुलसी मेहर श्रेष्ठको चित्रमा श्रद्धाञ्जली अर्पण गरेका छन् । यद्यपि, बसहिया गान्धी आश्रम जीर्ण अवस्थामा पुगेको छ । आश्रमले अझै पनि हराएको पहिचान फिर्ता पाउन सक्ने उनले बताए । आश्रममा प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्न र कपडा उत्पादनलाई प्रवद्र्धन गर्न भारत सरकार र नेपाल सरकारद्वारा पहल गरिने बताइएको छ । भ्रमणक्रममा भारतीय परम्परागत स्वास्थ्य संगठनका उपाध्यक्ष डा. एनपी सिंह, आरएस दावास, डा. प्रदीप टाकूसहितको सहभागिता थियो । आश्रमका प्रोजेक्ट कोर्डिनेटर राघवेन्द्र कर्णले सबैलाई स्वागत गरेका थिए ।

# सिर्सियामा प्रदूषण नियन्त्रणका लागि सरोकारवालासँग छलफल

**मधेशदृष्टि**
**वीरगंज ।**

सिर्सिया नदीको दीर्घकालीन संरक्षण र प्रदूषण नियन्त्रणका उपायबारे वीरगंज महानगरपालिकाले मंगलबार सरोकारवालाहरूसँग संयुक्त छलफल गरेको छ । पटकपटक उद्योगीले नदीमा फोहोर नफाल्ने प्रतिबद्धता जनाए पनि व्यवहारमा पालना नगर्दा सिर्सिया अझै फोहोर बन्दै गएको भन्दै महानगरले सम्बन्धित निकाय, उद्योगी, सुरक्षा निकाय र स्थानीय तहका प्रतिनिधिलाई छलफलमा सहभागी गराएको हो ।




अविरल वर्षापछि नदी केही सफा देखिए पनि उद्योगहरूबाट निस्कने फोहोर पानीका कारण समस्या पुनः दोहोरिने खतरा रहेको मेयर राजेशमान सिंहले बताए । उनले उद्योगीहरुले ट्रिटमेन्ट प्लान्ट हुँदाहुँदै पनि सञ्चालन नगरी फोहोर सोझै नदीमा फाल्ने प्रवृत्ति जारी रहेकाले अब केवल प्रतिबद्धतामा सीमित नरहेर ठोस नतिजा देखिनुपर्ने बताए ।

'कारखाना निर्वाध चल्नुपर्छ, तर प्रदूषण नियन्त्रण अनिवार्य छ,' मेयर सिंहले भने, 'अब सबै जिम्मेवार भएर अघि बढे मात्रै सिर्सिया सफा हुन्छ ।' उनका अनुसार उद्योगीहरूले पटकपटक सम्झौता तोडेकाले महानगरले जरिवाना र फोहोर उद्योगमै थुपार्ने जस्ता कारबाहीसमेत गरेको भए पनि अझै अटेरी भइरहेको छ । 'कारखाना बन्द गर्ने होइन, प्रदूषण रोक्ने वातावरण बनाउने हाम्रो उद्देश्य हो,' उनले भने ।

पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले सिर्सिया नदीलाई मानव सभ्यताको प्रतीक भन्दै यसको संरक्षण सबैको साझा दायित्व रहेको बताए । उनले अटेरी गर्ने उद्योगलाई चेतावनी दिँदै भने, 'यदि अब पनि फोहोर फाल्ने क्रम रोकिएन भने ट्रिटमेन्ट प्लान्ट बनाउनै पर्ने, नभए उद्योग बन्द गर्नुपर्ने अवस्था आउन सक्छ ।'

यस्तै, बाराका प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले उद्योग स्थापनाको अनुमति दिने बेलामै प्रदूषण नियन्त्रणको दायित्व उल्लेख गरिएको भए पनि त्यसको पालना नभएको औँल्याए । 'जथाभावी नदीमा प्रदूषित पानी मिसाउनु दण्डनीय कार्य हो,' उनले चेतावनी दिए ।

मधेश प्रदेश उद्योग विभागका महानिर्देशक सुशील साहले उद्योग सञ्चालन र वातावरण संरक्षण सँगसँगै अघि बढाउनुपर्नेमा जोड दिए । 'केबल प्रतिबद्धताले होइन, व्यवहारिक कार्यान्वयनले मात्रै परिणाम देखिन्छ,' उनले भने ।

उद्योग वाणिज्य संघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले सबै सरोकारवाला इमानदार भएर लागे समस्या समाधान सम्भव रहेको बताए । वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले दीर्घकालीन समाधानका लागि एकीकृत ट्रिटमेन्ट प्लान्ट निर्माण गर्न सुझाव दिए । 'उद्योगीहरू लगानी गर्न तयार छन्, तर नियमित अनुगमन हुनुपर्छ,' उनले भने । जीतपुर सिमरा उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्माले छलफलमा उद्योगीहरूको उपस्थिति कम भएकोमा चिन्ता व्यक्त गर्दै सिर्सिया नदीलाई सफा र आकर्षक बनाउन पर्यटनसँग जोडेर योजना अघि बढाउन सुझाव दिए ।

'जितपुरको ललका पुलदेखि वीरगंजसम्म डुङ्गा चलाउने वातावरण बनाऔं, त्यसपछि उद्योगीले पनि फोहोर फाल्ने काम रोकिनेछ,' उनको भनाइ थियो । परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीले 'उद्योग बचाउँदै नदी सफा राख्ने' वातावरण बनाउन आफ्नो पालिका तयार रहेको बताए । जीतपुर सिमरा उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारीले वीरगंजका मेयर राजेशमान सिंहको नेतृत्वमा शुरु भएको सिर्सिया सफाइ अभियान आजसम्म निरन्तर रहनु सकारात्मक पक्ष भएको बताउँदै तीनै स्थानीय तहले संयुक्त रुपमा नदी संरक्षणमा काम गरिरहेको जानकारी दिए । उनले नन्दन र गणपति घ्यु उद्योगलगायतका केही उद्योगबाट ट्रिटमेन्ट प्लान्ट हुँदाहुँदै पनि प्रदूषित पानी निस्किरहेको र हुलास स्टिल तथा अशोक स्टिल जस्ता ठूला उद्योगहरूले नालाबाट फोहोर पानी सोझै सिर्सियामा मिसाउने गरेको बताए । छलफलमा सहभागी उद्योगीहरूले आफूहरू पनि नदी सफा रहोस् भन्ने पक्षमै रहेको बताउँदै पानी प्रशोधनका उपायमा काम भइरहेको जानकारी दिएका थिए । छलफलमा सरोकारवालाहरूले सर्वसम्मत रूपमा सिर्सिया सफाइलाई प्राथमिकता दिने, प्रदूषण नियन्त्रणका लागि ठोस कार्ययोजना बनाउने र नियमित अनुगमनलाई प्रभावकारी बनाउने निष्कर्ष निकालेका छन् ।

# भ्रष्टाचार छानबिनलाई तिब्रता दिन प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जेन्जी आन्दोलनका बलमा सुशीला कार्कीको नेतृत्वमा गठित नागरिक सरकारले कार्यभार सम्हालेको एक महिना पूरा भएको सन्दर्भमा राष्ट्रिय एकता अभियानले काठमाडौँको माइतीघर मण्डलामा दबाब सभा गरेको छ । भ्रष्टाचार छानबिनमा देखिएको ढिलासुस्ती र निष्क्रियताप्रति आपत्ति जनाउँदै अभियानले सरकारलाई तत्काल कदम चाल्न दबाब दिएको हो । सभाको मूल नारा 'भ्रष्टाचारविरुद्ध नागरिकको दबाब, पारदर्शिता र न्याय हाम्रो अधिकार' थियो ।

कार्यक्रममा नागरिक समाजको असन्तुष्टि र न्यायप्रतिको तिब्र चाहना उजागर भएको थियो । कार्यक्रममा उल्लेख्य संख्यामा उपस्थित जनसमुदायले विभिन्न भ्रष्टाचार काण्डमा संलग्न दोषीमाथि अविलम्ब कारबाही माग गरेका थिए । सभामा उपस्थित जनसमुदायले विशेषगरी ठूला र चर्चित भ्रष्टाचारका काण्डमाथि केन्द्रित भएर चर्को नाराबाजी गरेका थिए ।

उनीहरूले पोखरा एयरपोर्टका भ्रष्टाचारीलाई कारबाही गर, विकासको हत्यारालाई उन्मुक्ति नदे !, गिरिबन्धु र भुटानी शरणार्थीका फाइल ओपन गर, सत्य छिपाउने खेल बन्द गर ! र टेरामक्स घोटालाबाजलाई कारबाही गर, जनता ठगेकालाई छोड्न पाइँदैन ! जस्ता नारा लगाएका थिए । यस्तै, क्यान्टोनमेन्ट घोटालाको हिसाब दे, जनताको पैसामा बिलासी जीवन बन्द गर ! र नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई कारबाही गर भन्दै उच्च पदस्थ व्यक्तिमाथि पनि कारबाही माग गरिएको थियो ।

समग्रमा जनताको कर, नेताको घर– अब यो खेल बन्द गर ! भन्ने नाराले भ्रष्टाचारले आम जनतामा पारेको नकारात्मक प्रभावलाई झल्काएको थियो । कार्यक्रम युवा नेता सुरेन्द्र स्वारको नेतृत्वमा भएको हो ।

राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादव, अभियन्ता शम्भू देव, अधिवक्ता चन्द्र यदुवंशी र अभियन्ता रामबाबु यादवलगायतका वक्ताले सम्बोधन गरेका थिए । उनीहरूले नागरिक सरकारले जेन्जी आन्दोलनको मर्मअनुसार काम गर्न नसकेको भन्दै आक्रोश व्यक्त गरे । उनीहरूले सरकारलाई ढिलासुस्ती नगर्न चेतावनी दिएका थिए ।

# हैजा र झाडापखालाविरुद्धको खोप अभियान तीव्र

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्सा र बारामा फैलिएको हैजा र झाडापखालाको महामारी नियन्त्रण गर्न नेपाल सरकारले सञ्चालन गरेको खोप अभियानले तीव्रता पाएको छ । पर्सा जिल्लामा दुई दिन भित्र ४६ हजार ८ सय ९६ जनाले हैजा विरुद्धको खोप लगाएका छन् । अभियान पर्साका १४ र बाराका ६ स्थानीय तहमा सञ्चालित छ ।

स्वास्थ्य सेवा विभागअन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार, पर्साका ६ लाख ५२ हजार लक्षित जनसंख्यामध्ये वीरगंज महानगरपालिकामा २१ हजार ५ सय १३, पोखरिया नगरपालिकामा ८ हजार ८ सय ७६, सखुवा प्रसौनी गाउँपालिकामा ९ हजार ७ सय ९९, धोबिनी गाउँपालिकामा ४ हजार ५ सय ३३ र जगरनाथपुर गाउँपालिकामा २ हजार १ सय ७५ जनाले खोप लगाइसकेका छन् । यस्तै, दुवै जिल्लाका लागि १० लाख १८ हजार १ सय डोज खोप आयात गरिएको छ ।

भदौ ६ गते वीरगंजको मुरली टोलबाट शुरु भएको हैजा प्रकोपका कारण हालसम्म पर्सा र बारामा १ हजार ६ सय ८५ बिरामी फेला परेका छन् । यद्यपि, सबै बिरामी उपचारपछि निको भएर घर फर्किसकेका छन् र कसैको मृत्यु भएको छैन । सङ्क्रमणको स्रोत अझै पत्ता लाग्न नसके पनि, महामारी नियन्त्रण र फैलावट रोक्न खोप अभियानलाई तीव्र बनाइएको छ ।



आइतबार पर्साका प्रमुख जिल्ला अधिकारी तोयानारायण सुवेदीले खोप लगाएर अभियानको औपचारिक शुभारम्भ गरेका थिए । उनले सबै उमेर समूहका व्यक्तिलाई खोप लगाएर आफू र परिवारलाई सुरक्षित राख्न आग्रह गरेका थिए ।

स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले अभियानले प्रभावित क्षेत्रका बासिन्दालाई रोगबाट जोगाउन र अन्यत्र फैलिनबाट रोक्न महत्त्वपूर्ण भूमिका खेल्ने बताए । पर्सामा असोज २६ देखि कात्तिक २ गतेसम्म सञ्चालित अभियानका लागि १ हजार ९ सय ५० खोप केन्द्र स्थापना गरिएको छ । केन्द्रहरूमा स्थानीय पालिका, अस्पताल, विद्यालय, धार्मिक स्थल, बसपार्क, सीमा नाका र उद्योगहरू समावेश छन् । अभियानमा १ हजार ५ सय ४४ महिला स्वास्थ्य स्वयंसेविका र ३ सय ५० स्वास्थ्यकर्मीसहित १ हजार ८ सय ९४ जनशक्ति परिचालित छन् । बारामा पनि खोप अभियान शुरु भएको छ । बाराको कलैया, जीतपुरसिमरा, परवानीपुर, प्रसौनी, फेटा र विश्रामपुर पालिकाहरू केन्द्रित हुनेछ । परिवार कल्याण महाशाखाका प्रमुख डा. विवेककुमार लालले इयूभिकोल–एस खोप एक मात्रा खाएको दुई हप्तापछि ८२ प्रतिशत प्रभावकारी हुने बताए ।

स्वास्थ्य सेवा विभागअन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले तिहारअघि नै पर्सा र बाराका सम्पूर्ण लक्षित क्षेत्रमा अभियान सम्पन्न गर्ने लक्ष्य रहेको जानकारी दिए । विश्व स्वास्थ्य सङ्गठन र युनिसेफको प्राविधिक सहयोगमा सञ्चालित अभियानले हैजा र झाडापखालाको जोखिमबाट स्थानीय बासिन्दालाई सुरक्षित राख्ने अपेक्षा गरिएको छ ।

# जनमतबाट विभाजन भई 'जनस्वराज पार्टी' दर्ता

**मधेशदृष्टि**
**काठमाडौँ ।**

जनमत पार्टीबाट अलग्गिएर गठन गरिएको नयाँ राजनीतिक शक्ति 'जनस्वराज पार्टी' निर्वाचन आयोगमा औपचारिक रूपमा दर्ता भएको छ । आयोगले पार्टीलाई दर्ता प्रमाणपत्र प्रदान गरेको जनाएको छ ।

दीपक साहको नेतृत्वमा २५ सदस्यीय कार्यसमिति सहित गठन गरिएको जनस्वराज पार्टीले आयोगमा दर्ता निवेदन दिएको थियो । आयोगका अनुसार आवश्यक प्रक्रिया पूरा भएपछि पार्टीलाई दर्ता प्रमाणपत्र प्रदान गरिएको हो ।

जनस्वराज पार्टीले माग गरेको झण्डामा निलो, सेतो र रातो रङका ठाडा धर्का रहने उल्लेख गरिएको छ । पार्टीले प्रस्ताव गरेको गोलाकार छापमा पार्टीको नाम अंकित रहनेछ भने त्यसको बीचभागमा पार्टीको निर्वाचन चिह्न राखिने बताइएको छ ।

हालका लागि जनस्वराज पार्टीले कुनै निश्चित निर्वाचन चिह्न माग गरेको छैन । त्यसैले आयोगले दर्ता भएका अन्य दलहरूको चिन्हसँग नदोहोरिने गरी नयाँ र उपयुक्त चिन्ह प्रस्ताव गर्न निर्देशन दिएको छ ।

निर्वाचन आयोगका अनुसार, सबै औपचारिक प्रक्रिया पूरा भएपछि जनस्वराज पार्टी अब देशभर राजनीतिक गतिविधि सञ्चालन गर्न कानूनी रूपमा सक्षम भएको छ । त्यसैगरी, निर्वाचन आयोगले जनमत पार्टीबाट निर्वाचित प्रदेश सभा र स्थानीय तहका प्रतिनिधिहरूलाई निर्वाचन कार्यालयहरूमा गएर सनाखत गर्न भनेको छ । आयोगले दिएको पत्रमा भनिएको छ, 'नयाँ गठन भएको जनस्वराज पार्टीमा दल गठन हुनुभन्दा तत्काल जनमत पार्टीको तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यले राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम ७ (क) बमोजिम प्रदेश निर्वाचन कार्यालयमा प्रदेश निर्वाचन अधिकारी समक्ष प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यले जिल्ला निर्वाचन कार्यालयमा जिल्ला निर्वाचन अधिकारीसमक्ष स्वयम् उपस्थित भई सनाखत गराउन प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन